नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218




● वर्ष ३ ● अंक १५० ● २०८१ साल चैत्र ३१ गते आइतबार ● Sunday 13, April 2025 ● सूर्योदयः बिहान ५:४५ बजे ● सूर्यास्तः साँझ ६:२७ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# वीरगंजमा मध्यान्हसम्म कर्फ्यु

### कर्फ्यु लागू भएको क्षेत्र

पूर्वः भेडियाही चोक, वीरगंज महानगरपालिका–१५,

पश्चिमः सिर्सिया पुल, वीरगंज महानगरपालिका–२५

उत्तरः गण्डक चोकदेखि वीरगंज महानगरपालिका–१४

दक्षिणः शङ्कराचार्य गेट, वीरगंज महानगरपालिका–१६

### के के भयो ?

१. ७० राउन्ड अश्रुग्यास प्रहार

२. दुई राउन्ड हवाई फायर

### घाइतेहरु

१. एसपी गौतम मिश्रसहित नेपाल प्रहरीका १५ जना

२. सशस्त्र प्रहरीका ८ जना

३. केही सर्वसाधारण हिन्दू र मुस्लिम समुदायका सदस्यसहित

### क्षतिः

१. लजिज बिरयानी र अन्य केही पसलमा तोडफोड

२. चारवटा मोटरसाइकल आगजनी

३. दुई वटा किराना पसल र एउटा कुखुराको मासु पसलमा लुटपाट





**मधेशदृष्टि**
**वीरगंज ।**
हिन्दू र मुस्लिम समुदायबीचको विवाद झडपमा परिणत हुँदा वीरगंजमा शनिबार सन्ध्याकाल नहुँदै स्थिति तनावपूर्ण बन्यो । विवाद बढेर झडपसँगै आगजनी र तोडफोडमा उत्रिएपछि पर्सा प्रशासनले आइतबार मध्यान्ह १२ बजेसम्मका लागि महानगरमा कर्फ्यु जारी गरेको छ । हनुमान जन्मजयन्तीको अवसरमा निकालिएको शोभायात्राक्रममा छपकैयामा भएको विवाद झडपमा परिणत भएको हो । शनिबार साँझ ६ः३० बजेदेखि कर्फ्यु जारी भएपछि वीरगंज शान्त देखिएको छ ।

पर्सा प्रशासनले कर्फ्यु समयमा यो सीमामा आवतजावत गर्न, कुनै पनि प्रकारका भेला, जुलुश, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न निषेध गरेको छ । शनिबार भएको झडपमा एउटा पसल, चार मोटरसाइकलमा तोडफोड भएको छ । शोभायात्रा इदगाह चोक छपपैयामा पुग्दा तनाव भएको हो । प्रहरीका अनुसार झडप नियन्त्रणक्रममा १३ प्रहरी, केही प्रदर्शनकारी घाइते भएका छन् । झडप नियन्त्रणमा लिन प्रहरीले केही राउन्ड अश्रुग्यास प्रहार गरेको थियो । पछि हवाई फायर नै गर्नु परेको थियो ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले हनुमान जन्मोत्सवका अवसरमा तनाव भएसँगै शान्ति सुरक्षा र अमनचयन कायम गर्न कर्फ्यु आदेश गरिएको बताए । स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) बमोजिम जिल्लाको वीरगंज महानगरपालिकाभित्र चार किल्ला तोकेर सिमानाभित्र कसैले आवतजावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुश, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी कर्फ्यु आदेश जारी भएको हो ।

#### किन भयो झडप ?

हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्र भगवान हनुमानको जयन्तीका अवसरमा शनिबार वीरगंजमा शोभायात्रा निकालिएको थियो । शोभायात्रामा सहभागीले उच्श्रृंखल गतिविधि गरेको भन्दै अर्को समूहले आरोप लगाएपछि अवस्था झडपमा परिणत भएको हो ।

#### रात्रिबजार स्थगित

नयाँ वर्ष २०८२ को स्वागतमा आयोजित रात्रिबजार शनिबार स्थगित भएको छ । वीरगंज महानगरपालिकाको आयोजनामा शुक्रबारदेखि शुरु भएको रात्रिबजार आइतबारसम्म सञ्चालन हुने लक्ष्य थियो ।

हनुमान जयन्तीका अवसरमा आयोजित शोभा यात्रामा दुई समुदायबीच भएको झडप हिंस्रक भई स्थानीय प्रशासनले कर्फ्यू जारी गरेपछि महानगरपालिकाले शनिबारको रात्रिबजार स्थगित गरेको हो । आइतबारको रात्रिबजार लाग्ने नलाग्ने विषयमा परिस्थितिअनुरुप निर्णय लिइने भनिएको छ । कर्फ्यु जारी रहने वा नरहने विषयले आइतबारको रात्रिबजारबारे निर्णय हुने आयोजक वीरगंज महानगरपालिकाले जनाएको छ । नयाँ वर्ष २०८२ को अवसर पारेर वीरगंज महानगरपालिकाले आदर्शनगरस्थित पुरानो बसपार्कमा 'रात्रिबजार' आयोजना गरेको थियो ।

# लोकतन्त्रको विकल्प लोकतन्त्र नै होः गृहमन्त्री



**मधेशदृष्टि**
**बारा ।**
गृहमन्त्री रमेश लेखकले लोकतन्त्रको विकल्प अन्य कुनै पनि तन्त्र हुन नसक्ने र जनतामा निहित सार्वभौम सत्तामाथि कसैले प्रहार गर्छ भने त्यस्तालाई कडा कारबाही गरिने चेतावनी दिएका छन् । तराई यातायात व्यवसायी सङ्घको १८ औँ साधारण सभा सिमरामा गर्दै गृहमन्त्री लेखकले गल्ती गर्ने मन्त्री, प्रधानमन्त्रीलाई समेत लोकतन्त्रमा कारबाही हुने तर राजतन्त्रमा गल्ती गर्ने राजालाई औँला ठड्याउँदा कारबाही र जेलनेल भोग्नु परेको इतिहास कायम रहेको बताए ।

उनले १८ वर्षअघि नेपाली जनताले फालेको राजतन्त्र फर्काउन भन्दै राजतन्त्रबारे कुनै जानकारी नै नभएका किशोरकिशोरीलाई प्रयोग गरी भड्काउने काम भएकामा खेद व्यक्त गरे । गृहमन्त्री लेखकले जनताको केही चिन्ता र आक्रोशलाई देखाएर सङ्घीय लोकतान्त्रिक गणतन्त्रमाथि प्रहार गर्ने काम भएको बताउँदै लोकतन्त्र जवाफदेहिता र उत्तरदायित्वपूर्ण शासन प्रणाली भएको र यसको उपयोग सर्वसाधारण जनताले गर्न पाए मात्र लोकतन्त्र फस्टाउन सक्ने दाबी गरे ।

उनले सङ्घीयता र समावेशीता कायम गर्न मधेशको सबैभन्दा ठूलो योगदान रहेको चर्चा गर्दै वर्तमान सरकार निजी क्षेत्रसँग मिलेर मुलुकको अर्थतन्त्र मजबुत बनाउँदै समृद्धिको यात्रामा अगाडि बढिरहेको बताए ।

गृहमन्त्री लेखकले पछिल्लो समय सरकारले केही महत्त्वपूर्ण अध्यादेश जारी गरेको कुरा उल्लेख गर्दै देशमा औद्योगिक तथा व्यावसायिक वातावरण सृजना गर्ने र मुलुकको समृद्धि तथा विकाससँगै सुशासनलाई कायम गर्न अध्यादेश महत्त्वपूर्ण कोशेढुङ्गा साबित हुने दाबी गरे ।

उनले यातायात क्षेत्रमा देखिएका समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताउँदै यातायात क्षेत्र निजीक्षेत्रको सबैभन्दा धेरै लगानी र रोजगारी सृजना गर्ने क्षेत्र भएकाले मुलुकको आर्थिक विकाससँग यातायात क्षेत्र प्रत्यक्षरुपमा जोडिएको बताए । उनले संविधानले ३ खम्बे अर्थनीतिको अङ्गीकार गरेको बताउँदै सार्वजनिक निजी र सहकारीको माध्यमबाट मुलुकको आर्थिक समृद्धिमा महत्त्वपूर्ण योगदान पुग्ने र राष्ट्रिय अर्थतन्त्र पनि मजबुत बन्ने बताए ।

तराई यातायात व्यवसायी संघका अध्यक्ष ओमकृष्ण कार्कीको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रमा पूर्वमन्त्री एवम् सांसद कृष्णकुमार श्रेष्ठ, पूर्वमन्त्री एवम् सांसद ज्वाला साह, अच्युत मैनाली, मधेश प्रदेशका अर्थमन्त्री सुनिल कुमार यादव, पूर्वमन्त्री फरमुल्लाह मन्सुरलगायतको नेताले मन्तव्य व्यक्त गरेका थिए ।

# जातीय भेदभाव तथा छुवाछूत रोक्न व्यवहारमा परिवर्तन जरुरी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारका सभामुख रामचन्द्र मण्डलले लामो समयदेखि नेपालमा रहेको जातीय भेदभाव तथा छुवाछूत रोक्न समाजका सबैले सकारात्मक सोचसहित व्यवहारमा परिवर्तन ल्याउनुपर्नेमा जोड दिएका छन् ।

राष्ट्रिय दलित पत्रकार सङ्घ, मधेश प्रदेश समितिको प्रथम प्रदेश अधिवेशन जनकपुरधाममा उद्घाटन गर्दै उनले वर्तमान संविधानले जातीय भेदभाव तथा छुवाछूतको अन्त्य तथा सबैलाई समान अधिकार घोषणा गरे पनि व्यहारमा परिर्वतन नआएकाले समस्या रहेको बताए । उनले जातीय भेदभाव तथा छुवाछूत रोक्न सबैले सकारात्मक सोच बनाउँदै आफ्नो व्यवहारमा परिवर्तन ल्याउनुपर्नेमा आवश्यकता औँल्याए ।

सभामुख मण्डलले विगतका शासक तथा सामन्ती सोचका व्यक्तिले दलित, आदिवासी तथा जनजातिको विकास गर्न नदिने, शिक्षा, स्वास्थ्य तथा रोजगारीबाट वञ्चित गराउनेजस्ता कार्यले यो वर्ग पिछडिएको भन्दै वर्तमान परिवेश र अवस्थाअनुसार सबै परिवर्तन हुँदै जानुपर्ने बताए । मधेश प्रदेशका सांसद रामआशिष यादवले जातीय भेदभाव देशको समाजिक विकृतिका रूपमा रहेकाले जातीय तथा प्रान्तीय भेदभाव हटाउन समाजमा चेतना जागृत गराउनुपर्ने विचारु व्यक्त गरे । उनले भने, 'एक्काइसौँ शताब्दीको यस युगमा पनि जातीय भेदभाव राख्ने मानसिक रूपमा कमजोर सोच भएको व्यक्ति हो ।'

प्रदेश सांसद लखन दासले दलितमाथि विभिन्न बहानामा पटकपटक हुने घटनाको घोर विरोध गर्दै त्यस्तो कार्य गर्नेलाई कडा कानूनी कारबाही हुनुपर्नेमा जोड दिए । दलितमाथि विभेद अन्त्य गर्न समाजका हरेक वर्गले आफ्नोतर्फबाट आवश्यक सहयोग गर्न उनले आग्रह गरे । राष्ट्रिय दलित पत्रकार सङ्घ मधेश प्रदेश समितिका अध्यक्ष कैलाश दासको अध्यक्षतामा कार्यक्रम भएको हो ।

# मुलुकको समृद्धिका लागि समाजवादी क्रान्ति आवश्यक

**मधेशदृष्टि**
**राजविराज ।**
नेकपा एमालेका उपाध्यक्ष रामबहादुर थापा बादलले मुलुकलाई समृद्धिको बाटोमा हिँडाउन समाजवादी क्रान्ति आवश्यक भएको बताएका छन् । शनिबार राजविराजमा नेकपा एमाले सप्तरीको १० औँ जिल्ला अधिवेशन उद्घाटनमा उनले भने, 'विगतमा जसरी हामीले लोकतन्त्र र गणतन्त्रका लागि आन्दोलन ग¥यौँ, त्यसरी नै अब मुलुकलाई समृद्धिको बाटोमा लैजान समाजवादी क्रान्ति आवश्यक छ ।' उनले समाजवादी क्रान्ति र अभियानमा सहभागी हुन आह्वान गरे ।

संघीय शासनसत्ता हातमा लिए पनि चाहेजस्तो सुधार नभएको बताउँदै उनले देशमा गरिबी, असमानता, विभेद कायमै रहेको बताए । नेपालमा रोजगारी गर्नेलाई परिवार पाल्न गाह्रो भइरहेको बताउँदै उनले समृद्ध नेपाल र सुखी नेपालीको आधार निर्माण गर्न समाजवादको स्थापना आवश्यक रहेको दोहो¥याए ।

कुनै पनि दलले स्पष्ट बहुमत नपाएकै कारण चाहेजस्तो संविधान बन्न नसकेको, नियम कानून पनि बन्न नसकेको बताउँदै उनले जनताले लडेर ल्याएको संघीय लोकतान्त्रिक गणतन्त्रमा जनताले चाहे जस्तो काम हुन नसकेको उल्लेख गरे ।

नेकपा एमाले जिल्ला अध्यक्ष ताराकान्त चौधरीको अध्यक्षतामा आयोजित उद्घाट्न सत्रमामा जिल्ला इञ्चार्ज सुमनराज प्याकुरेल, मधेश प्रदेशका भौतिक पूर्वाधार मन्त्री सरोज कुमार यादव, गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखी, केन्द्रीय सदस्य दिवाकर देवकोटालगायतकाले शुभकामना दिएका थिए ।

# योजना बिक्रीको विषयमा अख्तियार आकर्षित हुनसक्ने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री सरोज कुमार यादवले विकास योजना सांसद र दलहरुलाई बिक्री गरेको सार्वजनिक रूपमा स्वीकारेपछि यो प्रकरण अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अख्तियार) बाट छानबिन हुनुपर्ने माग उठेको छ ।

प्रदेश सभामा मन्त्री यादवले सांसद र राजनीतिक दललाई वितरण गरिएको योजना र बजेटको विवरण सार्वजनिक गरेपछि विकास योजनाको दलालमार्फत बिक्री भएको आरोप पुष्टि हुने देखिएको छ । यादवले प्रदेशका आठ जिल्लामा रहेका भौतिक पूर्वाधार विकास कार्यालयका प्रमुखसँग उपभोक्ता समिति गठन गर्ने पत्रमा हस्ताक्षर गराएर योजना नियन्त्रणमा लिएको आरोप लागेको छ ।

सर्वोच्च अदालतको निर्णयअनुसार सांसदहरूलाई कुनै पनि विकास योजना वा बजेट प्रदान नगरिनुपर्ने आदेश भए पनि मन्त्री यादवले त्यही आदेश उल्लङ्घन गर्दै योजना वितरण गरिएको स्वीकार गरेका छन् ।

# हनुमानलाई ३१ किलोको लड्डु



**नवलपरासी ।**
हनुमान जयन्तीको अवसर पारेर हनुमान मन्दिरमा ३१ किलोको लड्डु चढाइएको छ । नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को गैँडाकोट–९ थुम्सीस्थित हनुमान मन्दिरमा ३१ किलोको लड्डु चढाइएको हो ।

गैँडाकोट नगरपालिकाका प्रमुख मदनभक्त अधिकारी, उपप्रमुख शान्ति कोइरालासहित मन्दिर व्यवस्थापन समिति तथा भक्तजनले संयुक्त रूपमा महावली हनुमानलाई ३१ किलोको लड्डु अर्पण गरेका हुन् । लड्डु हनुमानको प्रिय भोजन भएकाले घिउमा निर्माण गरे अर्पण गरिएको मन्दिर व्यवस्थापन समितिले जनाएको छ । प्रत्येक वर्ष चैत्र शुक्ल पूर्णिमाका दिन मनाइने हनुमान जन्मजयन्तीका अवसरमा आज मन्दिरमा भक्तजनको घुइँचो लागेको छ ।

पूर्व–पश्चिम राजमार्गसँगै जोडिएको यो मन्दिरमा पूजाआजा गर्नका लागि जिल्लावासीसहित छिमेकी जिल्ला चितवन, तनहुँबाट पनि भक्तजन आएका छन् । चैत्र शुक्ल पूर्णिमाका दिन हनुमानको पूजा आराधना गरेमा बल, बुद्धि, विद्या मिल्ने, दुःख र सङ्कटबाट मुक्ति पाइने जनविश्वास रहिआएको समितिका अध्यक्ष टीकाराम सापकोटाले जानकारी दिए । हनुमान जयन्तीको अवसरमा मन्दिर परिसरमा पूजाआजासहित भजनकीर्तन भइरहेको उनले बताए ।

हनुमानको पूजाआराधना गरेमा रोगव्याधि, बाधा, राजाको भय, प्राकृतिक शक्तिको बाधा, पिचासी शक्ति, भूत, नकारात्मक तत्व, बतास, खोला, आगो, राक्षसी शक्तिको त्रास र बेतालबाट पनि मुक्ति पाइन्छ भन्ने मान्यता रहेको मन्दिरका पूजारी विनय अधिकारीले बताए । ‘हनुमानको मूर्तिमा सिन्दूर लगाइएको हुन्छ । सिन्दुरले हड्डी एवम् मांसलाई सुसङ्गठित शरीर निर्माणमा भूमिका खेल्दछ,’ उनले भने ।

मङ्गलबार र शनिबार हनुमानको विशेष पूजाआराधना गरिएकामा यस वर्ष हनुमान जयन्ती शनिबार परेकाले पनि विशेष मानिएको पूजारी अधिकारीले बताए । गैँडाकोटमा निर्माण भएको हनुमान मन्दिर नेपालको पहिलो कलात्मक मन्दिर भएको बताउँदै उनले तीन करोड रुपैयाँ लागतमा ४२ फुट लम्बाइ, ४२ फुट चौडाइ र ६३ फुट उचाइको रहेको जानकारी दिए । उनका अनुसार विभिन्न चन्दादाताको सहयोगमा मन्दिर परिसरमा एक सय जनासम्म अट्ने धर्मशाला निर्माण भइरहेको छ ।

हनुमानको दिव्यमूर्ति, कलाकारिताले परिपूर्ण मन्दिरको बाहिरी पाटो, शिखरखजुराव शैलीको गुम्बज, काष्ठकलाका कलात्मक झ्यालढोका, रामदरबार, स–साना गुम्बज आकारका ‘मार्बलरेलिङ’, मार्बलका आँखीझ्याल, सिँढी तथा आकर्षक विद्युत् व्यवस्थापन, रङ्गरोगनले यस मन्दिरको आकर्षण बढाएको अध्यक्ष सापकोटाले बताए । रासस

# २०८१ मा नेपालमा भएका प्रमुख घटना

**काठमाडौँ ।**
अघिल्ला वर्षहरू झै वर्ष २०८१ पनि राजनीतिक, आर्थिक र सामाजिक तथा विपद्जन्य घटनाका कारण चर्चामा रहन पुग्यो । मुलुकका दुई प्रमुख राजनीतिक दल मिलेर सरकार गठनदेखि पूर्वराजाको समर्थनमा भएको प्रदर्शन, सहकारी प्रकरण, ठूलो जनधनको क्षतिसहितको प्राकृतिक प्रकोप र दुर्घटना तथा अध्यादेश, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको पक्राउ र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको बर्खास्तीसम्बन्धी विषय चर्चित बने । वर्ष २०८१ मा भएका विभिन्न प्रमुख घटना यसप्रकार छन्:

राजनीतिक घटनाक्रम
वैशाख १७ गते– बझाङ जिल्लाको प्रदेशसभा १ मा भएको उपनिर्वाचनमा नेकपा (एमाले)का दमनबहादुर भण्डारी विजयी ।
वैशाख १८ गते– इलाम निर्वाचन क्षेत्र नं २ को उपनिर्वाचनमा नेकपा (एमाले)का सुहाङ नेम्वाङ विजयी ।
वैशाख २७ गते– नेकपा (एमाले) संसदीय दलका नेता हिक्मतकुमार कार्की तेस्रो पटक कोशी प्रदेशको मुख्यमन्त्री नियुक्त ।
जेठ ४ गते– सत्ता साझेदार तीन दल र प्रमुख प्रतिपक्षी दलबीच सहकारीमा भएको आर्थिक अपचलनका सन्दर्भमा संसदीय छानबिन समिति गठन गर्ने सहमति ।
जेठ ७ गते– प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’लाई प्रतिनिधिसभाबाट चौथो पटक विश्वासको मत ।
जेठ १४ गते– गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीको विश्वासको मत असंवैधानिक गर्दै नेपाली कांग्रेसका सुरेन्द्रराज पाण्डेलाई मुख्यमन्त्री नियुक्त गर्न सर्वोच्च अदालतको परमादेश ।
जेठ २३ गते– मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादव विश्वासको मत पाउन असफल ।
जेठ २५ गते– मधेश प्रदेशका मुख्यमन्त्रीमा सतिश कुमार सिंह नियुक्त ।
असार १९ गते– सत्ता गठबन्धनको सबैभन्दा ठूलो दल नेकपा (एमाले)द्वारा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता ।
असार २० गते– नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को अध्यक्षमा माधवकुमार नेपाल पुनः सर्वसम्मत चयन ।
असार २२ गते– मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहलाई विश्वासको मत प्राप्त ।
असार २८ गते– विश्वासको मत नपाएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ पदमुक्त ।
असार ३० गते– नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त ।
साउन ६ गते– प्रधानमन्त्री केपी शर्मा ओलीलाई प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त ।
साउन ८ गते– बागमती प्रदेशको मुख्यमन्त्रीमा नेपाली कांग्रेसका बहादुरसिंह लामा (तामाङ) नियुक्त ।
साउन २० गते– नेपाली कांग्रेसका कमलबहादुर शाह दोस्रो पटक सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा नियुक्त ।
भदौ ३१ गते– संसदीय छानबिन विशेष समितिद्वारा गोर्खा मिडियाका सञ्चालकलाई कारबाही गर्न सिफारिस ।
पुस ८ गते– प्रतिनिधिसभा सदस्य रवि लामिछानेको सांसद पद निलम्बन ।
चैत ५ गते– स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन ।
चैत १५ गते– पूर्वराजा ज्ञानेन्द्र शाहको समर्थनमा काठमाडौँको तीनकुनेमा भएको प्रदर्शनमा पत्रकार सुरेश रजकसहित दुई जनाको मृत्यु, घाइते, सार्वजनिक तथा निजी सम्पत्तिमाथि आगजनी र तोडफोड, जिल्ला प्रशासन कार्यालय काठमाडौँद्वारा कर्फ्यू आदेश ।
चैत २० गते– नेपाल शिक्षक महासङ्घको आह्वानमा शिक्षकहरूको काठमाडौँ केन्द्रित आन्दोलन सुरू ।

कूटनीति
वैशाख ११ गते– कतारका अमिर शेख तमिम विन हमाद अल थानीबाट नेपालको राजकीय भ्रमण ।
जेठ २७ गते– प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको सपथ ग्रहण कार्यक्रममा सहभागी ।
जेठ २९ गते– राष्ट्रपति रामचन्द्र पौडेल औपचारिक विदेश भ्रमणका क्रममा जेनेभा प्रस्थान ।
असार १ गते– राष्ट्रपति रामचन्द्र पौडेल जर्मनी भ्रमणमा ।
भदौ १० गते– ओमानका विदेशमन्त्री सैयद बद्रविन हमाद विन हमुद अबुसैदी नेपाल भ्रमणमा ।
असोज ४ गते– प्रधानमन्त्री केपी शर्मा ओली संयुक्त राष्ट्र सङ्घको ७९ औँ महासभामा सहभागी हुन न्यूयोर्क प्रस्थान ।
कात्तिक २५ गते– राष्ट्रपति रामचन्द्र पौडेल जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घ सम्मेनल (कोप २९) मा नेपालको प्रतिनिधित्व गर्दै अजरवैजान प्रस्थान ।
मङ्सिर १६ गते– प्रधामन्त्री केपी शर्मा ओली चीन भ्रमणका लागि प्रस्थान ।
चैत १९ गते– प्रधानमन्त्री केपी शर्मा ओली थाइल्याण्डको औपचारिक भ्रमण र बिम्स्टेकको छैटौं शिखर सम्मेलनमा सहभागी हुन थाइल्याण्ड प्रस्थान, भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता ।

अपराध
वैशाख १३ गते– रौतहट जिल्ला अदालतद्वारा पूर्वमन्त्री अफताव आलमसहित चार जनालाई जन्मकैद ।
वैशाख २७ गते– केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)द्वारा काठमाडौँको नक्सालस्थित नेपाल बाल सङ्गठन (बालमन्दिर) को जग्गा दुरूपयोग गरी अनियमितता गरेको आरोपमा २० जनाविरूद्ध पक्राउ पूर्जी जारी ।
जेठ २ गते– राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान सन्दीप लामिछानेलाई बलात्कार मुद्दामा उच्च अदालत पाटनद्वारा सफाइ ।
कात्तिक २ गते– पूर्वगृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने पक्राउ ।
कात्तिक २० गते– गण्डकी प्रदेशसभाका सदस्य ‘दीपक मनाङे’ भनिने राजीव गुरूङलाई ज्यान मार्ने उद्योग मुद्दामा सर्वोच्च अदालतबाट पाँच वर्ष कैद सजाय ।
चैत ५ गते– काठमाडौँको टोखाबाट करिब रू २५ करोड बराबरको विदेशी मुद्रा बरामद ।
चैत २९ गते– काठमाडौँको तीनकुनेमा हिंसात्मक प्रदर्शनलगत्तै फरार भएका विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाई झापाबाट पक्राउ ।

पूर्वाधार निर्माण
वैशाख ३ गते– नागढुङ्गा–सिस्नेखोला सुरूङमार्ग आयोजनाअन्तर्गत सुरूङमार्ग छिचोलियो ।
माघ १३ गते– राष्ट्रिय गौरवको सिद्धबाबा सुरूङमार्गको सुरूङ¬ सात महिनामै छिचोलियो ।

आर्थिक गतिविधि
वैशाख १५ गते– काठमाडौँमा तेस्रो लगानी सम्मेलन, ५२ देशका लगानीकर्ता नेपालमा ।
जेठ १५ गते– सरकारद्वारा आगामी आर्थिक वर्ष २०८१–८२ लाई आर्थिक सुधारको वर्ष घोषणा गर्दै रू १८ खर्ब ६० अर्ब ३० करोडको बजेट प्रस्तुत
माघ १४ गते– अमेरिकी सहयोग नियोग (युएसएड) मार्फत नेपाललाई प्राप्त अनुदान ९० दिनका लागि स्थगित ।
चैत ९ गते– एमसिसी परियोजना अघि बढाउने अमेरिकी सरकारको प्रतिबद्धता ।

खेलकुद र पर्वतारोहण
जेठ ९ गते– कीर्तिमानी पर्वतारोही कामिरिता शेर्पा ३० औँ पटक सगरमाथा शिखरमा ।
जेठ १९ देखि असार १५ गते– संयुक्तराज्य अमेरिका र वेस्ट इन्डिजमा सम्पन्न आइसिसी मेन्स टी–२० क्रिकेट विश्वकपमा नेपाल सहभागी । नेपाल लिग चरणबाट बिदा भए पनि प्रभावशाली खेल प्रदर्शन ।
पुस ६ गते– जनकपुर बोल्ट्स नेपाल प्रिमियर लिग (एनपिएल) च्याम्पियन ।

विविध
असार ९ गते– अख्तियार दुरूपयोग अनुसन्धन आयोगद्वारा मुख्यसचिव डा वैकुण्ठ अर्यालविरूद्ध विशेष अदालत काठमाडौँमा भ्रष्टाचारको अभियोगमा मुद्दा दायर । वरिष्ठ सचिव लीलादेवी गड्तौलालाई निमित्त मुख्यसचिवको जिम्मेवारी ।
साउन ३० गते– बेपत्ता पारिएका व्यक्तिको खोजविन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन संशोधन विधेयक प्रतिनिधिसभाबाट पारित ।
भदौ १३ गते– मुख्यसचिवमा एकनारायण अर्याल नियुक्त ।
कात्तिक १४ गते– तत्कालीन मुख्यसचिव डा वैकुण्ठ अर्याललाई विशेष अदालतद्वारा सफाइ ।
मङ्सिर २ गते– पूर्वसभामुख दमनाथ ढुङ्गानाको निधन ।
मङ्सिर ६ गते– राष्ट्रपति रामचन्द्र पौडेलद्वारा भारतीय सेनाका स्थलसेनाध्यक्ष उपेन्द्र द्विवेदीलाई नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान ।
मङ्सिर २० गते– विशेष अदालतद्वारा नेपाल वायु सेवा निगमको खरिद अनियमितता प्रकरणमा तत्कालीन महाप्रबन्धक सुगतरत्न कंसाकारसहित चार जना दोषी ठहर ।
फागुन ३ गते– संयुक्त राष्ट्रसङ्घको आह्वानमा द्वन्द्वरत मुलुक लेबनानमा खटिएको नेपाली शान्ति सैनिकमाथि आक्रमण ।
पोखरा भ्रमण वर्ष २०२५ को उद्घाटन समारोहमा बेलुन पड्कँदा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र पोखरा महानगरपालिका प्रमुख धनराज आचार्य घाइते ।
फागुन ४ गते– भारतको उडिसा भुवनेश्वरमा अध्ययनरत नेपाली छात्रा प्रकृति लम्सालको शंकास्पद ढङ्गबाट मृत्यु ।
फागुन २९ गते– साहित्यकार लीलबहादुर क्षेत्रीको निधन ।
चैत १ गते– उपभोक्ता अदालत गठन ।
चैत ४ गते– नेपाल प्रहरीको महानिरीक्षकमा दिपक थापा नियुक्त ।
चैत ९ गते– राष्ट्रिय समाचार समितिका पूर्व अध्यक्ष एवं वरिष्ठ पत्रकार माधवरसिंह बस्नेतको निधन ।
चैत ११ गते– नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ पदमुक्त ।
चैत १७ गते– लेखक, कूटनीतिज्ञ एवं वरिष्ठ पत्रकार कमलप्रसाद कोइरालाको निधन ।
चैत २४ गते– राष्ट्रिय समाचार समितिका पूर्व प्रमुख समाचारदाता एवं वरिष्ठ पत्रकार भैरव रिसालको निधन ।

घटना–दुर्घटना
असार १७ गते– रोल्पामा जिप दुर्घटना हुँदा सात जनाको मृत्यु ।
असार २८ गते– नारायणगढ–मुग्लिन खण्डअन्तर्गत सिमलतालमा पहिरो जाँदा ६२ जना यात्रु बोकेका दुई वटा बस त्रिशूली नदीमा बेपत्ता ।
साउन ९ गते– काठमाडौँबाट पोखराका लागि उडेको सौर्य एयरको विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरभित्रै दुर्घटना हुँदा १८ जनाको मृत्यु ।
साउन २३ गते– काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उडेको केही क्षणमै एयर डाइनेष्टीको हेलिकोप्टर दुर्घटनामा पाँच जनाको मृत्यु ।
भदौ ३ गते– बझाङ, जाजरकोट र स्याङ्जामा पहिरोमा परी आठको मृत्यु ।
भदौ ७ गते– भारतीय पर्यटक सवार बस पृथ्वी राजमार्गको आँबुखैरेनीमा दुर्घटना हुँदा २७ को मृत्यु, १६ घाइते ।
भदौ ९ गते– रामेछापको दोरम्बा सैलुङ गाउँपालिका–३, टोकरपुरस्थित लेकखर्कमा पहिरोले वस्ती बगाउँदा छ जनाको मृत्यु ।
असोज १२ गते– अविरल वर्षाका कारण बाढीपहिरो र डुबानमा परी ९० जनाको मृत्यु, ७२ घाइते ।
असोज १३ गते– दुई दिनदेखिको वर्षाका कारण काठमाडौँ आउँदै गरेका दुई वटा माइक्रो बस र एउटा बस झ्याप्ले खोलाको पहिरोमा पुरिँदा ३५ जनाको मृत्यु ।
असोज १७ गते– काभ्रेको तेमाल गाउँपालिका–२ ढडेन पाखामा गएको पहिरोमा परी एकै परिवारका छ जनाको मृत्यु ।
असोज ३० गते– महेन्द्रनगरबाट बैतडीको पुर्चौडीतर्फ गएको रात्रिबस दुर्घटनामा पाँचको मृत्यु, १२ घाइते ।
मङ्सिर १४ गते– रामेछापको गोकुलगङ्गा गाउँपालिका–६ मा गाडी दुर्घटना हुँदा पाँचको मृत्यु ।
माघ २६ गते– सिंहदरबारस्थित खानेपानी मन्त्रालयमा आगलागी । रासस


**Effective from 01 Baishakh 2082 (14th April 2025)**

**INTEREST RATES**

**Deposit**

| Saving Deposit | Minimum Balance | % Per Annum | |
|---|---|---|---|
| Corporate Saving Account | 100 | 3.70 | |
| CorporateNari Bachat Khata | 1,000 | 4.20 | |
| CorporateSenior Saving | 1,000 | 4.20 | |
| Corporate Student Saving | 100 | 4.20 | |
| Corporate Bal Bachat | 1,000 | 4.20 | |
| Corporate Higher Saving | 5,000 | 4.65 | |
| CorporateFast Track | 10,000 | 4.85 | |
| Corporate Patron | 15,000 | 5.00 | |
| Super Corporate Saving | 25,000 | 5.50 | |
| Corporate Golden Saving | 50,000 | 5.70 | |
| Call Account | - | Up to 1.85 | |
| **Recurring Account** | | | |
| 3 Year Corporate Recurring | 1,000 | 6.00 | |
| 5 Year Corporate Recurring | 1,000 | 6.25 | |
| Above 5 Years Recurring with Fixed Deposit | 100,000 | 6.50 | |
| Corporate Fixed Return | 100,000 | 6.50 | |
| Corporate Fifty Fixed | 100,000 | 6.00 | |
| **Fixed Deposit** | | Individual Minimum 3 Months | Institutional Minimum 6 Months |
| Corporate General Fixed Deposit | 10,000 | 6.00% | 5.00% |
| Corporate Fixed Deposit | 25,000 | 6.25% | 5.25% |
| Corporate Super Fixed Deposit 5 years above | 100,000 | 6.50% | 5.50% |
| Corporate Fixed Deposit for 3-24 Months | 100,000 | 6.60% | 5.60% |
| Premium Fixed Deposit for 6-24 Months | 500,000 | 6.90% | 5.90% |
| Special Fixed Deposit for 10 Months | 10,00,000 | 7.10% | 6.10% |

**Loan and Advance**

| | Premium over Base Rate (% p.a.) |
|---|---|
| Business Loan | 2% to 4% |
| Industrial Loan | 2% to 4% |
| Home Loan | 2% to 4% |
| Vehicle Loan/Auto Loan | 2% to 4% |
| Education Loan | 2% to 4% |
| Personal Overdraft | 3% to 5% |
| Term Loan | 2% to 4% |
| Agriculture Loan | Up to 2% |
| Prime Loan | 1.5% to 3.5% |
| **Deprived Sector** | |
| 1. Deprived Sector Loan (Institutional) | Up to 2% |
| 2. Deprived Sector Loan (Personal) | Up to 3% |
| 3. DSL Auto Loan/Low Cost Housing/others | Up to 3% |
| Other Loan | Up to 5% |
| Loan Against Fixed Deposit | Coupon rate + 2% or Base Rate (Whichever is higher) |
| **Fixed Interest Rate on Term loan up to 15 Years:** | Base Rate +4.5% |
| Average Base Rate (Falgun end 2081) | 9.71% |

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्रप्त संस्था)

**Head Office:** Geeta Mandir Road, Birgunj Parsa
Tel. No. : 051-531031
Branches: Buspark ( Bypass), Birgunj /Dryport
Shrisiya, Birgunj / Tedaroad ,chorni, (Jeetpur)



Government of Madhesh Province
Ministry of Energy, Irrigation and Water Supply
Groundwater Resources and Irrigation Development Division
Jaleshwar, Mahottari

**Letter of Intent**

Date of Publication: 2081/12/31 B.S. (13th April, 2025)

This is to notify to all the concerned bidders that it is our intention to award the following contract, published on 2081/11/19 BS(3rd March, 2025) to following substantially responsive evaluatedlowest bidders with total price listed below:

| S.N. | Contract No. | Description of Works/Name of Project | SubstantiallyResponsive LowestEvaluated Bidder | Bidding Amount (without VAT & PS) |
|---|---|---|---|---|
| 1. | 01/NCB/WORKS/GWRIDDM/081/82 | Construction of 5 Nos of Tubewell, Electrification and Pump House | Aalam Builders, Jaleshwar-4 | Rs. 56,86,890 |
| 2. | 02/NCB/WORKS/GWRIDDM/081/82 | Repair and Maintenance of Deep Tubewells (5 Nos) of Dhanusha 1 (Kha) | New Supriya Construction, Janakpur | Rs. 35,25,200 |

**For details, bidders are advised to visit Ground Water Resources and Irrigation Development Division, Jaleshwar, Mahottari. For contact: 044-520454, 9860584646**

Division Chief

# मुख्यमन्त्रीद्वारा धर्मशाला उद्घाटन

**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतिश कुमार सिंहले जनकपुरधाम उपमहानगरपालिका–८ स्थित दशरथनगरमा मिथिला सांस्कृतिक संरक्षण परिषद् जनकपुरधाद्वारा २० करोड रुपैयाँ लागतमा नवनिर्मित पक्की धर्मशाला भवन शनिबार उद्घाटन गरेका छन् ।

हनुमान् जयन्तीका अवसरमा मिथिला अबध सांस्कृतिक संरक्षण परिषद् जनकपुरधामद्वारा आयोजित समारोहमा मुख्यमन्त्री सिंहले भवनको उद्घाटन गरेका हुन् । दशरथनगरमा परिषद्द्वारा २२ कठ्ठा जमिनमा निर्माण गरिएको भवन पाँचतलाको निर्माण गरिएको आयोजक संस्थाले जनाएको छ ।

नेपाल तथा भारतका विभिन्न सामाजिक सङ्घसंस्था र धार्मिक तथा सामाजिक व्यक्तित्वको आर्थिक सहयोगमा निर्माण भएको धर्मशाला हाताभित्र सभा भवन, शौचालय तथा पक्की भान्साघर तथा पार्किङकोसमेत व्यवस्था तथा निर्माण गरिएको मिथिला अबध सांस्कृतिक संरक्षण परिषद्का अध्यक्ष डा गौराग मिश्रले जानकारी दिए ।



मुख्यमन्त्री सिंहले ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक रुपमा ख्यातिप्राप्त तथा सीता माताको जन्मभूमिस्थल जनकपुरधामको राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा प्रचारप्रसार गरी धार्मिक पर्यटनको आकर्षण बढाउनुपर्ने सबैलाई आग्रह गरे ।

साथै उनले जनकपुरधाममा आउने पर्यटक तथा हिन्दू धर्मावलम्बीलाई गुणस्तरीय सेवा प्रदान गर्ने किसिमको वातावरण बनाउन पनि अपिल गरे ।

'भगवान् श्रीरामको जन्मभूमि अयोध्या दर्शन गर्नेले माता सीताको जन्मस्थल जनकपुरको पनि दर्शन गर्नुपर्ने धार्मिक मान्यता रहेकाले जनकपुरको प्रचारप्रसार आवश्यक रहेको छ,' उनले भने, 'जनकपुर आउने पर्यटकलाई राम्रो सेवा दिनु हाम्रो कर्तव्य हो, त्यसमा हामी पछि पर्नु हुन्न, पटकपटक पर्यटक आउने वातावरण बनाउनका लागि जनकपुरको सरसफाइ तथा गुणस्तरीय खाना र धर्मशालाको मर्मतसम्भार आवश्यक छ ।' रासस

# मोटरसाइकल र कार भन्सार पठाइयो

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट प्रहरीले जिल्लाका विभिन्न स्थानमा चेकजाँचक्रममा कागजात नभएका पाँच थान मोटरसाइकल र एकथान कार नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालयमा दाखिला गराएको छ । जिल्ला प्रहरी कार्यालय रौतहट, गौरद्धारा जारी गरिएको प्रेस नोटअनुसार राजपुरको दमार चोकबाट डिएल९सीक्युएस ८२४७ नम्बरको अल्टो कार र अन्य पाँच थान मोटरसाइकल नियन्त्रणमा लिइएको हो । प्रहरीका अनुसार पाँचवटा मोटरसाइकलको अनुमानित मूल्य करिब साढे तीनलाख रुपैयाँ र कारको मूल्य करिब पाँच लाख रुपैयाँ आँकलन गरिएको छ । करिब साढे आठ लाख मूल्यांकन भएका यी सवारीसाधनमाथि आवश्यक अनुसन्धानपछि भन्सार ऐनअनुसार कारबाही प्रक्रिया अघि बढाइने जनाइएको छ ।

# २७ जनाद्वारा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा शनिबार भएको रक्तदान कार्यक्रममा २७ जनाले रक्तदान गरेका छन् । कान्तिपुर सहकारी र लायन्स क्लब संस्कृति गोल्डको संयुक्त आयोजनामा भएको कार्यक्रममा ५ महिलासहित २७ जनाले रक्तदान गरेका हुन् । रक्त सञ्चार केन्द्रका प्राविधिकले सहयोग पुर्याएको केन्द्रका प्रमुख सौरभराज पाण्डेले जानकारी दिए ।

# मोतियाबिन्दुका बिरामीको निःशुल्क उपचार हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–२३, सबैठवामा निःशुल्क आँखा शिविर भएको छ । २ सय ५५ जना स्थानीयको आँखा परीक्षण गरिएको शिविरमा ८७ जनामा मोतियाबिन्दुको समस्या पहिचान भएको छ । मोतियाबिन्दुका बिरामीलाई रामकुमार महावीर प्रसाद केडिया आँखा अस्पताल परवानीपुरमा निःशुल्क शल्यक्रिया गरिने व्यवस्था मिलाइएको आयोजक ज्योति युवा क्लबका अध्यक्ष रमानन्द महतो कोइरीले जानकारी दिए ।

# पानीको मुहान सुकेपछि १६० घरपरिवार समस्यामा

**मधेशदृष्टि**
**धनुषा ।**
मिथिला नगरपालिका–११ स्थित चुरे क्षेत्रअन्तर्गत दुधपानी र माथिल्लो बाहुनमारा बस्तीमा खानेपानीको चरम अभाव देखिएको छ । सुक्खा मौसम शुरू भएसँगै धारामा पानी आउन छाडेपछि स्थानीय बासिन्दाको जनजीवन प्रभावित बनेको हो । दुधपानी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष जितबहादुर घिसिङका अनुसार बस्तीमा रहेको एक मात्र पानीको मुहान चैतको पहिलो सातादेखि सुक्न थालेपछि करिब १ सय ६० घरधुरी दैनिक उपयोगको पानीका लागि सङ्घर्ष गरिरहेका छन् । अध्यक्ष घिसिङका अनुसार दुई दिनअघि परेको वर्षाले केही राहत दिएको भए पनि समस्या दीर्घकालीन समाधानबिनाको अस्थायी हो । यसैबीच, वन निर्देशनालय मधेश प्रदेशका वन अधिकृत तथा प्रकृति संरक्षण अभियन्ता सुरेश शर्माले चुरे क्षेत्रमा पानीका मुहान तीव्र रूपमा सुक्दै गएका कारण स्थिति गम्भीर बन्दै गएको बताए ।

# निःशुल्क स्वास्थ्य शिविर

**मधेशदृष्टि**
**वीरगंज ।**
उपकार सेवा नेपाल, लायन्स क्लब वीरगंज सेन्ट्रल र मारवाडी महिला मञ्च वीरगंजको संयुक्त आयोजना तथा श्रीराम अस्पताल वीरगंजको प्राविधिक सहयोगमा वीरगंज महानगरपालिका वडा नम्बर २३ को सबैठवा धर्मशालामा वृहत् निःशुल्क स्वास्थ्य शिविर भएको छ ।

प्रसूति रोग विशेषज्ञ डाक्टरद्वय प्रीति यादव र दीप्ति यादवको उपस्थितिमा सञ्चालन भएको शिविरमा जम्मा १ सय २० जनाले स्वास्थ्य परीक्षण गराएका थिए ।

शिविरमा आएका आवश्यक भएका सम्पूर्ण बिरामीलाई निःशुल्क औषधीसमेत उपलब्ध गराइएको थियो । डाक्टर प्रीति यादवका अनुसार स्वास्थ्य परीक्षण गराएकामध्ये ३५ प्रतिशत महिलामा पाठेघरको समस्या देखिएको थियो ।

# राजतन्त्र समाप्तिको माहौल बनाउन निधिको योगदान

**मधेशदृष्टि**
**सप्तरी ।**
नेपाल पत्रकार महासंघका पूर्व सभापति एवम् वरिष्ठ पत्रकार किशोर नेपालले नेपाली कांग्रेसका स्व. नेता महेन्द्र नारायण निधिले राणाशासन अन्त्यका लागि मात्र नभई राजाको तानाशाही शासन समाप्तिका लागि पनि उत्तिकै भूमिका निर्वाह गरेको बताएका छन् ।

शनिबार स्व. निधिको जीवन र विभिन्न कालखण्डमा उनले प्रजातान्त्रिक आन्दोलनमा गरेको योगदानको विषय समेटेर उनीद्वारा लिखित 'नेपालका निधि' पुस्तक सदरमुकाम राजविराजमा सार्वजनिक गर्दै उनले यस्तो बताएका हुन् ।



'२००७ सालको ऐतिहासिक जनक्रान्तिका कमाण्डरका रुपमा नेता निधिले राणाशासन अन्त्यका लागि ठूलो योगदान दिनु भएको थियो,' उनले भने, 'यतिमात्र होइन, राजाको तानाशाही शासन समाप्त गर्ने माहौल बनाउन पनि उनको ठूलो योगदान थियो ।'

युवा अवस्थामा प्रवेश गरेदेखि नै आफू नेता निधिसँग निकट रहने अवसर पाएको भन्दै उनले उनका बारे पुस्तक लेख्ने हुटहुटी जागेको सुनाए ।

मधेशका मूर्धन्य व्यक्तिका बारेमा धेरै कम पुस्तक प्रकाशित भएको भन्दै उनले राष्ट्रिय नेताका रुपमा स्थापित निधि जस्ता व्यक्तित्वको मधेशमा मात्र नभई देशैभर चर्चा र आमनागरिकलाई जानकारी हुनुपर्ने उद्देश्यका साथ पुस्तक लेख्ने जमर्को गरेको सुनाए ।

पुस्तकले नेपालको प्रजातान्त्रिक आन्दोलनमा निधिको योगदानबारे जानकारी गराउनुका साथै आमनागरिकमा लोकतन्त्रको पक्षमा चेतना फैलाउनसमेत मद्दत पु¥याउने विश्वास उनले व्यक्त गरे । राज्य रुपान्तरणका लागि रुची श्रेष्ठद्वारा प्रकाशित १ सय ८१ पृष्ठको पुस्तक लेखक नेपालका साथै पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देव, पूर्वसभापति विष्णु मण्डल, मुरलीप्रसाद यादव, प्रदेश सांसद मनिष सुमन, समाजसेवी बैजनाथ मुन्धडालगायतले संयुक्त रुपमा सार्वजनिक गरेका थिए ।

# जनकनन्दिनीमा जसपाको प्रथम अधिवेशन सम्पन्न

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा जिल्लाको सबैभन्दा दुर्गम तथा पिछडिएको क्षेत्र मानिने जनकनन्दिनी गाउँपालिकामा जनता समाजवादी पार्टी नेपाल (जसपा) को प्रथम गाउँपालिका अधिवेशन सम्पन्न भएको छ । देशभर सञ्चालनमा रहेको संगठन सुदृढीकरण अभियान अन्तर्गत जनकनन्दिनीमा पनि अधिवेशन गरिएको हो ।

अधिवेशन जसपाका गाउँपालिका अध्यक्ष राधेश्याम यादवको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा केन्द्रीय, प्रदेश र जिल्ला तहका शीर्ष नेताहरूको उपस्थिति थियो । कार्यक्रमका प्रमुख वक्ता जसपा नेपालका केन्द्रीय कार्यकारिणी समिति सदस्य अरुणसिंह मण्डलले जसपालाई अबको समयको सशक्त वैकल्पिक शक्तिका रूपमा निर्माण गर्नुपर्ने धारणा राखे । उनले भने, 'जसपा अब केवल संगठनात्मक संरचनामा सीमित रहने छैन । हामी गाउँ–गाउँको समस्या सुनेर नीतिगत लडाइँ लड्नेछौं । सत्तामा पुग्ने होइन, जनताको मन जित्ने अभियानमा छौँ ।'

त्यस्तै, मधेश प्रदेश अध्यक्ष बालकिशोर यादवले जनकनन्दिनी गाउँपालिकाबाट भएको शुरु भएको अधिवेशन एक सन्देश भएको बताए । कार्यक्रममा बोल्दै प्रदेश सांसद ममता मण्डलले महिला सशक्तीकरण,

शिक्षा–स्वास्थ्यको पहुँच र स्थानीय तहलाई बलियो बनाउने विषयमा प्रतिबद्धता जनाइन् । उनले भनिन्, 'गाउँस्तरमै परिवर्तनको बिउ छरिनुपर्छ । जसपा त्यसकै बाटोमा अघि बढिरहेको छ ।'

अधिवेशनमा जसपाका जिल्ला अध्यक्ष पशुपति यादव, उपाध्यक्ष ललित मण्डल, गाउँपालिका अध्यक्ष दिपिनदेव यादव, युवा उपमहासचिव अशोक मण्डल र प्रदेश युवा सचिव दिपेन्द्र कापरीको सहभागिता थियो । जिल्ला अध्यक्ष यादवले भने, 'हामी परिवर्तनको राजनीतिमा लागेका छौं । जसपाको अभियान पुरानालाई सुधारेर नयाँ पुस्तामा नेतृत्व हस्तान्तरण गर्ने हो ।'

# समाजवादी रौतहटमा पुनः यादव चयन

**मधेशदृष्टि**
**रौतहट ।**
माधव कुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी रौतहटको अध्यक्षमा पुनः कमल यादव यादव दोहोरिएका छन् । एकीकृत समाजवादी रौतहटको नवौँ जिल्ला अधिवेशनले यादवको अध्यक्षतामा ७४ सदस्यीय जिल्ला कमिटी चयन गरेको हो ।

नवगठित जिल्ला कमिटीको उपाध्यक्षमा मदन सापकोटा, जिन्दा देवी, सचिवमा बालकृष्ण श्रेष्ठ, उपसचिवमा पविन्द्र प्रसाद पटेल, ब्रजेश सिंह र रामवली कुमार यादव चयन भएका छन् । चैत २८ गते शुरू भई २९ गते अबेर राति अधिवेशन सम्पन्न भएको थियो । नवौँ अधिवेशन पूर्वप्रधानमन्त्री तथा पार्टी अध्यक्ष माधवकुमार नेपालले उद्घघाटन गरेका थिए । जिल्ला कमिटीका पदाधिकारी तथा सदस्यहरू सबै निर्विरोध चयन भएको निर्वाचन समिति संयोजक भूपेन्द्र खड्काले बताए ।




त्यस्तै, जिल्ला कमिटी सदस्यमा राजदेव सहनी मलाहा, ऋषिप्रसाद ढुङ्गाना, बुधाई खाँ पैठान, मिन्त्रा कुमारी, सुरेन्द्र पनहर, चम्पादेवी राम, रामलक्ष्मण पटेल, उर्मीला देवी पासवान, अवधेश साह, फुलझरिया देवी राम, भूमध्य चौधरी, रामपुकार यादव, दिनेश रामलगायत छन् ।

# फरार पाँच प्रतिवादी अदालतमा पेश

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
फरार अवस्थामा रहेका विभिन्न मुद्दामा दोषी ठहर भई अदालतबाट सजाय तोकिएका पाँच जना अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ ।

धनुषा जिल्ला प्रहरी कार्यालयका अनुसार उनीहरूलाई अदालतको फैसलाअनुसार कैद तथा जरिवाना भुक्तान गर्न बाँकी रहेका अवस्थामा पक्राउ गरिएको हो ।

चैत २९ गते विभिन्न स्थानबाट विशेष प्रहरी टोलीले ती पाँच जनालाई पक्राउ गर्न सफल भएको जनाएको छ । पक्राउ परेका सबै अभियुक्तलाई आवश्यक कानूनी प्रक्रिया पूरा गरी धनुषा जिल्ला अदालतमा पेश गरिएको प्रहरीले जनाएको छ ।

# हर्बल उद्योगमा आगलागी

**मधेशदृष्टि**
**सर्लाही ।**
बरहथवा नगरपालिका–१० स्थित कटानीमा रहेको ओम प्रकाश हर्बल इन्डस्ट्रीजमा शुक्रबार राति भीषण आगलागी भएको छ । आगलागीबाट उद्योगमा लाखौँ रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ । प्रहरी, स्थानीय बासिन्दा र दमकलको संयुक्त प्रयासमा करिब तीन घण्टापछि आगो पूर्ण रूपमा नियन्त्रणमा आएको थियो । प्रहरीका अनुसार प्रारम्भिक अनुमानमा आगलागीका कारण उद्योगमा भण्डारण गरिएको तेल उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ र अन्य सामग्री जलेर करिब १२ लाख ३२ हजार रुपैयाँ बराबरको क्षति भएको छ ।

# पेशाकर्मी महासंघमा पुनः ब्रजकिशोर

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल बौद्धिक पेशाकर्मी महासंघ धनुषाको प्रथम जिल्ला अधिवेशन भएको छ । शनिबार जनकपुरधाममा ब्रजकिशोर यादवको अध्यक्षतामा भएको अधिवेशनले पुनः उनलाई नै सर्वसम्मत अध्यक्षको जिम्मेवारी दिएको हो ।

जनता समाजवादी पार्टी नेपालको केन्द्रीय सदस्य महाजन यादवको प्रमुख आतिथ्यता तथा प्रदेश सांसद राम अशिष यादवको विशेष उपस्थितिमा महासंघको प्रथम जिल्ला अधिवेशन भएको हो ।

जसपा नेपालको शुभेच्छुक संगठनका रुपमा रहेको महासंघले यादवको नेतृत्वमा २० सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्यक्षमा मो. कलिम राइन, उपाध्यक्ष (महिला) सिम्पी विच्छा, सचिवमा वीरेन्द्र यादव, सहसचिवमा सूर्यनारायण साह, कोषाध्यक्षमा मुकेश कुमार मंडल र सहकोषाध्यक्षमा रामसुन्दर यादव चयन भएका छन् ।

त्यस्तै, सदस्यमा सुशील साह, गोपाल यादव, रवीन्द्र साह, लव नारायण चौधरी, विभा कुमारी साह, सरिता कुमारी यादव, सत्यनारायण साह, रामनारायण यादव, योगेन्द्र प्रसाद पाल, प्रमोद यादव, सुशील यादव, संगीता कुमारी यादव र शैलेन्द्रकुमार यादव चयन भएका छन् । अधिवेशनले महासंघको धनुषा जिल्ला सल्लाहकारमा राम गोविन्द यादव, राम हृदय यादव र बसन्त यादवलाई चयन गरेको छ ।

अधिवेशनमा जसपा नेपालका धनुषा जिल्ला अध्यक्ष पशुपति यादव, रामपृत यादव, जनकपुरधाम उपमहानगरपालिकाका अध्यक्ष विष्णुदेव साह, अम्बुप्रसाद साहलगायतको सहभागिता थियो ।

# शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्न आग्रह

**महेन्द्रनगर ।**
मधेश प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्न आग्रह गरेका छन् । जनकपुरधाममा डिक्का महासङ्घको दोस्रो महाधिवेशनमा उनले डिक्का समुदायमा आबद्ध जातजातिका अगुवा नेतालाई शिक्षा क्षेत्रलाई विशेष ध्यान दिएर काम गर्न आग्रह गरे ।

सभामुख मण्डलले समाजको समग्र विकासका लागि शिक्षा र नेतृत्व विकास अपरिहार्य रहेको विचार व्यक्त गरे । कार्यक्रममा पूर्वमन्त्री शिवकुमार मण्डल, मधेश प्रदेशका पूर्वराज्यमन्त्री सुरेश मण्डल तथा महासङ्घका नेताहरूले पनि आफ्ना धारणा राखेका थिए । महासङ्घमा धानुक, केबट, कुर्मी र अमात्य जातिका समुदाय आबद्ध छन् । विभिन्न १५ जिल्लाबाट प्रतिनिधि सहभागी रहेको महाधिवेशनले नयाँ नेतृत्व चयन गर्ने महासङ्घका अध्यक्ष अनिल सदाले जानकारी दिए ।

महाधिवेशनले डिक्का समुदायको सामाजिक, सांस्कृतिक तथा शैक्षिक उत्थानमा योगदान पुर्याउने गरी नीति लिने उनले बताए ।

## सम्पादकीय

# हुनुमान जयन्ती, शोभायात्रा र कर्फ्यु

*वीरगंज महानगरमा हनुमान जयन्ती मनाउने क्रममा भाएको विवाद झडपमा परिणत भएपछि यसले विकराल रुप लिएको छ । शोभायात्रामा हिन्दू र मुस्लिम समुदायबीच विवाद बढेर झडप भएपछि वीरगंजमा आइतबार दिउँसो १२ बजेसम्मका लागि कर्फ्यु जारी गर्नु पर्ने अवस्थामा पर्सा प्रशासन पुगेको छ भने वीरगंज महानगरले नयाँ वर्षलाई मौका पारेर लगाएको रात्रिबजार पनि रोक्नु परेको छ । यो अवस्था आउँदा कैयौँ प्रहरी घाइते भएका छन् । हिन्दू र मुस्लिम समुदायका सदस्य पनि घाइते भएका छन् । शनिबार वीरगंजमा देखिएको आगोको मुस्लोले अशान्तिको संकेत गरेको छ । यो कदापि समाज निर्माण र प्रगतिको रेखा होइन, यस्तो विनाशले कुनै पनि धर्मावलम्बीलाई राम्रो गर्दैन र समाज निर्माणमा सबै धर्मावलम्बीको उस्तै भूमिका हुनुपर्छ । अतः यस्ता कार्य दोहोरिन नदिन, कुनै अप्रिय घटना रोक्न स्थानीय प्रशासन पनि सचेत हुनु पर्ने सन्देश प्रवाह भएको छ ।*

*जिल्ला प्रशासन कार्यालयले पर्साले वीरगंज महानगरभर कर्फ्यु जारी गरेको हो । पूर्वमा वीरगंज महानगरपालिका वडा नम्बर १५ को भेडियाही चोकदेखि पश्चिममा वडा नम्बर २५ को सिर्सिया पुल, उत्तरमा वडा नम्बर १४ र दक्षिणमा वडा नम्बर १६ को शंकराचार्य गेटसम्म कर्फ्यु जारी भएको छ । अर्को व्यवस्था नभएसम्मका लागि आइतबार दिउँसो १२ बजेसम्म कर्फ्यु जारी गरिएको हो । शनिबार भएको झडपमा प्रहरी निरीक्षकसहित एक दर्जन प्रहरी, शोभायात्रामा सहभागी हिन्दूजन र केही मुस्लिम समुदाय पनि घाइते भएका छन् । यस्तै, लजिज बिरयानी र अन्य केही पसलमा पनि क्षति पुगेको छ । उनीहरुको नारायणी अस्पताललगायत विभिन्न अस्पतालमा उपचार जारी छ । विवादले उग्ररुप लिएपछि वीरगंजकै अर्को मन्दिरमा शनिबार साँझ हुने भनिएको आरती पनि स्थगित गर्नु परेको छ । त्यहाँ पनि स्थिति अप्रिय नहोस् भनेर सुरक्षाकर्मी परिचालन भए पनि दुवै पक्षले ढुंगामुडा जारी राखेका छन् ।*

*पर्सा प्रशासनबाट कर्फ्यु जारी भएपछि वीरगंज महानगरले शुक्रबार सञ्चालन गरेको तीनदिने रात्रिबजार शनिबारका लागि स्थगित भएको छ । आदर्शनगरमा जारी रात्रिबजार स्थिति सामान्य बने आइतबार भने लगाउन सकिने र यसबारे आइतबार जानकारी दिइने वीरगंज महानगरले जनाएको छ । यो अवस्थाबाट वीरगंजलाई शान्त बनाउन सबैले मेहनत गर्नु पर्छ । स्थानीय प्रशासनले कर्फ्यु जारी शान्त बनाउन खोजेको हो, नागरिक समाज, दलहरु सबै मिलेर यसलाई शान्त बनाउन मेहनत नगर्ने हो धार्मिक विषयलाई लिएर सम्प्रदायबीच विवाद हुने अवस्था बढ्न सक्छ, बेलैमा सचेत बनौँ । फेरि कर्फ्यु थप्ने होइन, शान्ति ल्याउने काममा लागौँ ।*

# कर्णालीमा हरेक वर्ष बग्छन् करोडौँका काठ

**इन्द्राकुमारी जिसी**

विसं २०८० माघ १० गते सरोज गोडिया पक्राउ पर्नुभयो । उहाँलाई कर्णाली नदी किनारमा अड्किएका काठ ट्र्याक्टरमा लोड गरेर घर ल्याउँदै गर्दा टीकापुरको प्रहरीले पक्राउ ग¥यो । बर्दियाको गुलरिया घर भई टीकापुरमा दैनिक ज्यालादारीमा ट्र्याक्टर चलाउँदै आउनुभएका गोडियालाई पक्राउ गरेर प्रहरीले सबडिभिजन वन कार्यालय टीकापुरमा बुझाइदियो । उहाँलाई कर्णाली नदी किनारमा बाढीले अलपत्र पारेका काठ सङ्कलन गरेर ओसारपसार गरेको आरोप लगाइएको थियो ।

सबडिभिजन वन कार्यालयले थप अनुसन्धान गरेर कारबाहीका लागि पक्राउ परेका गोडियाविरुद्ध कैलाली जिल्ला अदालतमा मुद्दा दायर ग¥यो । गोडिया १४ हजार ४ सय ३३ रुपैयाँ बिगो बराबरको धरौटी तिरेर रिहा भएको सबडिभिजन वन कार्यालयका फरेष्टर भीष्मराज ओझाले बताउनुभयो । गोडिया फरक जिल्ला बर्दियाका बासिन्दा भएका कारण पक्राउ पर्नुभएको होइन । कर्णाली नदीबाट काठ निकाल्ने जो कोहीलाई स्थानीय प्रशासनले पक्राउ गर्दै आएको छ । त्यहीँका स्थानीयले पनि नदीले बगाएर ल्याएको काठ सङ्कलन गरेर प्रयोग गर्न पाउँदैनन् ।

हरेक वर्ष वर्षायाममा कर्णाली नदीले काठ बगाएर ल्याउँछ । अधिकांश काठ भेलसँगै बगेर भारततर्फ जान्छन् । भारतको कोडियाघाटलगायत स्थानीयले ती काठ केहीमात्रामा सङ्कलन गर्ने गर्दछन् । नेपालमा भने कर्णाली नदीबाट काठ सङ्कलनमा रोक लगाइएको छ । कानूनी जटिलताका कारण आफ्नै देशको काठ कुहिएर खेर गइरहेको छ ।

भन्सार विभागको तथ्याङ्कअनुसार विगत छ वर्षमा एक खर्ब ४१ अर्ब ३८ करोड रुपैयाँ बराबरको काठ तथा फर्निचर आयात भएको छ भने २७ अर्ब चार करोड रुपैयाँ मूल्य बराबरको निर्यात भएको छ । चालु आर्थिक वर्षको माघसम्म सात अर्ब ८४ करोड रुपैयाँ आयात र पाँच अर्ब ८७ करोड रुपैयाँ निर्यात भएको देखिन्छ । पछिल्ला वर्षहरूमा आयात निरन्तर बढिरहेको छ । केही स्थानीय र काठ व्यवसायीले बगेको काठ सदुपयोग गर्न खोजे पनि उनीहरु सफल भएका छैनन् । वन ऐन नियमावलीअनुसार कसैले पनि वन कार्यालयको इजाजतबिना काठ दाउरा सङ्कलन, ओसारपसार तथा बिक्री गर्न पाइँदैन ।

त्यस कारण कतिले पक्राउ परी जेल सजायसमेत भोगेका छन् भने घरायसी प्रयोजनका लागि पनि नदीका काठ दाउरा सङ्कलन गर्न पाउँदैनन् । टीकापुरस्थित फाटा गाउँका दानबहादुर चौधरीसँग काठ सङ्कलन गरेबापत प्रहरीको केरकार सहनु परेको अनुभव छ । उहाँले आफ्नो अनुभव सुनाउँदै भन्नुभयो, 'गत वर्ष नदीबाट निकालेको गोलिया नजिकैको सत्ती बजारमा रहेको सःमिलबाट चिरान गरी आफ्नै घरको झ्याल ढोकाका लागि लैजाँदै थिए, सशस्त्र प्रहरीले रोकेर यसको पुर्जी, सःमिल–फर्निचरको बिल चाहिने, नभए काठ लैजान नमिल्ने र मुद्दासम्म चल्ने भनेर रोकेका थिए, पछि आइन्दा यस्तो नगर्नु भनेर छाडिदिए ।'

उहाँलाई नदीमा बग्दै गरेका, अड्किएका, पुरिएका र गाडिएका रुख सङ्कलन गरी प्रयोगमा ल्याउँदासमेत प्रहरी प्रशासनले अपराधी जस्तो व्यवहार गरेको अनुभव हुन्छ । त्यस कारण स्थानीय बासिन्दासँग बगेर जाने नदीका काठ हेरेर बस्नुको विकल्प हुँदैन । कर्णाली नदीमा चार दशक बढीदेखि डुङ्गा चलाइरहेका राजापुर बर्दियाका गौरीशङ्कर थारु पनि बगेर जाने काठ हेरि बस्नुहुन्छ । उहाँका आँखा अगाडिबाट वर्षात्मा बाढीसँगै कर्णाली नदीमा धेरै काठ दाउरा बगेर भारत पुग्छन् । 'नदी किनारमा अड्किएका काठ पनि प्रयोगमा रोक लगाइएको छ ?, स्थानीयलाई बगेर जाने काठ सङ्कलन गर्ने अनुमति छैन भने नगरपालिका, वन कार्यालय वा अन्य कुनै निकायलेसमेत सङ्कलन गर्दैनन्,' उहाँले भन्नुभयो, 'एकातिर बाढीसँगै थुप्रै काठ दाउरा बगेर जाने छँदैछ, अर्कोतिर कर्णाली नदीमा अड्किएका र गाडिएका रुख पनि आधिकारिक रूपमा सङ्कलन हुँदैनन् ।'

नेपालको सबैभन्दा लामो कर्णाली नदी तिब्बतको मानसरोवरबाट नेपालमा हुम्ला हुँदै कर्णालीमा मिसिएपछि यसको नाम कर्णाली रहन्छ । बाजुरा, कालीकोट, दैलेख, अछाम, सुर्खेत हुँदै कैलाली र बर्दियाको सिमाना भएर यो नदी भारतको गङ्गा नदीमा मिसिन्छ । ठूली भेरी, सानी भेरी, तिला, बूढीगङ्गा र सेतीजस्ता ठूला नदी यसका सहायक नदी हुन् ।

कर्णाली र यसका सहायक नदी तटीय क्षेत्रमा घना वनजङ्गल रहेको छ । यहाँ विशेषगरी खयर, सिसौ, साल, हल्दु, असनालगायत मूल्यवान प्रजातिका रुख पाइन्छन् । नदी कटानले ल्याएका रुख वर्षात्मा बगेर भारत पुग्छन् तर स्थानीयलाई तिनको सदुपयोग गर्नबाट बञ्चित गरिँदै आएको छ ।



**के छ कानूनी व्यवस्था ?**

वन नियमावली २०७९ मा नदी वा खोलाले बगाइल्याएको, किनारा लागेको, अड्केको, डुबेको वा पुरिएको काठ दाउरालाई 'दहत्तर बहत्तर' भनेर परिभाषित गरिएको छ । वन ऐन, २०७६ को परिच्छेद–११ मा दहत्तर बहत्तर वा बेवारिसे अवस्थामा रहेको काठ अरू कसैको हक प्रमाण पुगेकाबाहेक प्रदेश सरकारको स्वामित्वमा रहने प्रावधान रहेको छ ।

डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र रहेका बेवारिसे तथा दहत्तर बहत्तर काठ, दाउरा सङ्कलन तथा घाटगद्दी गरी डिभिजनल वन अधिकृतले लिलाम बिक्री गर्नुपर्ने र लिलाम बिक्रीबाट प्राप्त रकम सम्बन्धित प्रदेशको प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने प्रावधान वन नियमावली, २०७९ मा रहेको छ ।

त्यस्तै सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ को परिच्छेद १७ को दफा ७८, ७९ र ८० मा दहत्तर बहत्तर वा बेवारिसे काठ दाउरा प्रदेश सरकारको सम्पत्ति ठहरिने र उक्त काठ डिभिजनल वन अधिकृतले सङ्कलन गरी सुरक्षित स्थानमा घाटगद्दी गराउनुपर्ने व्यवस्था रहेको छ ।

डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्र भित्रबाट सङ्कलन गरी घाटगद्दी गरेको बेवारिसे तथा दहत्तर बहत्तर काठ दाउराको कुनै व्यक्ति, उपभोक्ता समूह, सङ्घ संस्था वा निकायले हक दाबीसम्बन्धी सूचना प्रकाशन, छानबिन गरी कसैको हक दाबी नपुग्ने भएमा उक्त काठ लिलाम बिक्री गर्नुपर्ने सुदूरपश्चिम प्रदेश वन नियमावली २०७८ को परिच्छेद–१३ मा व्यवस्था रहेको छ ।

**सङ्कलन गर्ने छैन इजाजत**

कर्णाली सत्ती पुलको उत्तरतर्फ पश्चिमी नदी तटीय क्षेत्रमा एउटा सानो बस्ती छ । त्यसको नाम हो फाँटा गाउँ । टिकापुर नगरपालिका–८ मा पर्ने उक्त फाँटा गाउँमा अधिकांश कच्ची घर र कमजोर आयस्रोत भएका थारु समुदायको बसोबास छ । पचासभन्दा बढी घरधुरी भएको उक्त फाँटा गाउँका मानिसको जीविकोपार्जनको प्रमुख स्रोत नै कर्णाली नदी हो । नदीमा माछा मार्ने, हिउँदमा बगरमा तरकारी खेती गर्ने र बाह्रै महिना नदीमा बग्दै गरेका, अड्किएका, डुबेका काठ दाउरा सङ्कलन गरी टीकापुर राजापुरलगायत बजारमा बिक्री गरेर गुजारा चलाउने गरेको फाँटा गाउँका राजेश चौधरी बताउनुहुन्छ ।

फाँटा गाउँको पूर्वपट्टी नदी ढिक, गाउँको सडक किनार र घर वरिपरि गोलिया काठ तथा दाउरा सङ्कलन गरेर राखेको भेटिन्छ । सत्ती पुलबाटै पनि नदीको किनारमा काठ दाउरा किनार लगाएर राखेको देख्न सकिन्छ । ती काठ दाउरा बाढीको बेला समातेका र अड्किएका रुख स्थानीयले सङ्कलन गरेर राखेको चौधरी बताउनुहुन्छ । काठ दाउरा आफ्नै घरायसी प्रयोजनसँगै केही बिक्री गर्ने गरेको उहाँको भनाइ छ । चौधरीका अनुसार नदीमा बगेर जाने काठमध्ये अड्किएर बसेका २० देखि २५ प्रतिशत मात्रै गाँउलेले सङ्कलन गर्ने गर्दछन् ।

त्यसरी सङ्कलन गरेको काठ दाउरा आफैँले प्रयोग गर्दा कोही केही गर्दैनन् तर अरूलाई बिक्री गर्दा भने समस्या हुने गरेको अर्का स्थानीय दानबहादुरले बताउनुभयो । उहाँले भन्नुभयो, 'बिक्री गर्नका लागि काठ दाउरा उत्पादनको स्रोत कहाँबाट हो भन्ने चाहिने रहेछ, हामीसँग नदीबाट काठ दाउरा सङ्कलन गर्ने कुनै अनुमति हुँदैन, त्यस्तो अनुमति नहुँदा वनबाट चोरेर ल्याएको भन्ने बुझिने रहेछ ।'

राजेश र दानबहादुर जस्तै फाँटा गाउँका स्थानीय ज्यानै जोखिममा राखेर बाढीको बेला र अरू बेला काठ दाउरा सङ्कलन गर्छन् । उनीहरू सबैको एउटै गुनासो छ, 'काठ दाउरा सङ्कलन गर्दा कोही कसैले केही भन्दैनन् तर जब आफ्नो ज्यानसमेत जोखिममा राखेर बगेर जाने काठ दाउरा सङ्कलन गरिन्छ तब प्रहरी र वन कर्मचारीले यो काठ दाउरा कहाँबाट ल्याएको, पूर्जी वा इजाजत छ छैन खोज्दै आउँछन् ।' ती रुखहरू सङ्कलन गर्ने कुनै अनुमति नभएको र प्रविधि पनि नभएको दानबहादुर बताउनुहुन्छ । उहाँले भन्नुभयो, 'अहिले पनि हामी बाढीका बेला डोरीले बग्दै गरेको काठलाई अड्काएर किनारा लगाउँछौँ, गाडिएका काठ पनि निकाल्छौँ, तर यो सबै गर्न हामीसँग कुनै कानूनी अनुमति भने हुँदैन ।'

वर्षात्मा कर्णाली नदी तटीय क्षेत्रमा भू–क्षय, पहिरो र कटानका कारण नदीले रुखसमेत बगाएर लैजान्छ । बगेर आएका अधिकांश रुख वर्षात्को भेलसँगै भारततर्फ जान्छन् भने कतिपय रुख नदीको बहाव कम भएसँगै चिसापानी पुलको दक्षिणतर्फ जानकी गाउँपालिका र टिकापुर नगरपालिकाका विभिन्न घाटमा अड्किएर नदीभित्र पुरिने गरेको जानकी–६ स्थित माँ भुवनेश्वरी सःमिल तथा फर्निचर उद्योगका सञ्चालक लोकेन्द्रबहादुर शाह बताउनुहुन्छ ।

सो गाउँपालिकाअन्तर्गत बलचौर घाट, पाताभार घाट र टिकापुरअन्तर्गत दौलतपुर घाट, प्रमौला घाट, सत्तीघाट, सन्कट्टी घाट तथा वनकट्टी घाटलगायत फराकिला स्थान रहेका छन् । त्यस्ता ठाँउमा बगेर आउने काठ छेउ लागेर अड्किन्छन् भने कतिपय नदीभित्र पुरिन्छन् ।

कर्णाली नदी चिसापानीबाट तल लागेपछि धेरै भँगालोमा बाँडिन्छ । ती भँगालोको बीचबीचमा प्राकृतिक वन छन् । ती वनको संरक्षण, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग गर्न स्थानीय समुदायलाई सामुदायिक वनका रूपमा हस्तान्तरण गरिएका छन् । सामुदायिक वनका रूपमा हस्तान्तरण गरे पनि बाढीसँगै बगेर जाने रुख सङ्कलन गर्ने अनुमति भने वन कार्यालयले नदिने गरेको गाउँपालिकास्थित छतिवन सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष विनोद भण्डारीले बताउनुभयो ।

भण्डारीका अनुसार सामुदायिक वनको क्षेत्रभित्र पर्ने भँगालोमा अड्केका, पुरिएका रुखह भने केही मात्रामा निकाल्न मिल्छ । अड्किएका सबै रुख सङ्कलन गर्न मिल्दैन । जिल्लाको जानकी गाउँपालिकाअन्तर्गत चिसापानी कर्णाली, छतिवन, चेतना, कालिका, शिवशक्ति पाताभार, जगतपुरलगायत सामुदायिक वन कर्णाली नदीका विभिन्न भँगालोमा अवस्थित छन् । सामुदायिक वनहरूले आफ्नो वन क्षेत्रभित्र पर्ने भँगालोमा अड्किएका र पुरिएका रुख स्वीकृत वन कार्य योजनाको अधीनमा रही तोकिएको मात्रामा असोजदेखि जेठसम्म सङ्कलन गर्ने गरेको सव–डिभिजन वन कार्यालय टीकापुरका फरेष्टर भीष्मराज ओझाले बताउनुभयो ।

**कानूनी मापदण्डको अभाव**

कैलालीको वन क्षेत्र व्यवस्थापनका लागि सुदूरपश्चिम प्रदेश सरकारको मातहतमा दुई डिभिजन वन कार्यालय रहेका छन् । जिल्लाको पश्चिमी भागको आधा क्षेत्र कैलाली र पूर्वी क्षेत्र पहलमानपुर डिभिजन वन कार्यालयअन्तर्गत पर्दछ । कर्णाली नदी र आसपासको वन क्षेत्रको व्यवस्थापकीय जिम्मेवारी डिभिजन वन कार्यालय पहलमानपुरको पर्दछ । कर्णाली नदीबाट हालसम्म दहत्तर बहत्तर काठ–दाउरा सङ्कलन नगरिएको डिभिजन वन कार्यालय पहलमानपुरका डिभिजनल वन अधिकृत रामचन्द्र कँडेलले बताउनुभयो । कँडेलका अनुसार जिल्लाका अन्य नदीभन्दा कर्णालीबाट काठ–दाउरा सङ्कलनको प्रकृति बेग्लै छ ।

जिल्लामा कर्णालीबाहेकका नदी, खोलाहरुको उद्गमस्थल चुरे क्षेत्र हो । त्यसमा वर्षात्को समयमा मात्र धेरै पानी हुने र हिउँदमा प्रायः सुक्ने वा एकदमै कम पानी रहने गर्छ । कर्णाली नदीमा भने बाह्रै महिना ठूलो पानी हुन्छ । अझ वर्षात्को समयमा धेरै नै रहन्छ । चुरे क्षेत्र उद्गम भएका स–साना नदी खोलाले बाढीका बेला बगाइल्याएका रुख केही तल नेपालको सीमाभित्रै अड्किने, किनार लाग्ने भए पनि कर्णालीले बगाएर ल्याउने काठ–दाउरा भने पानीको उच्च बहावका कारण सिधै भारततर्फ बगेर जाने कँडेलले बताउनुभयो ।

बग्दै गरेका रुखलाई सङ्कलन गर्न सकिने कुनै कानूनी व्यवस्था वा मापदण्ड नै नभएको कँडेलको भनाइ छ । 'वन कार्यालयको कार्यक्षेत्रभित्र पर्ने काठ–दाउरा सङ्कलन गर्न रुखको गोलाइ, लम्बाइ, त्यसको 'जीपीएस लोकेसन'सहितको विवरण सव–डिभिजन वन कार्यालय मार्फत लिने र त्यस्ता रुखको डिभिजन वन कार्यालयबाट १५ प्रतिशत तथा प्रदेश वन निर्देशनालयबाट पाँच प्रतिशत जाँचपश्चात् मात्र सङ्कलन गर्ने अनुमति दिन सकिने व्यवस्था रहेको छ । यस प्रक्रियाले बग्दै गरेको काठ सङ्कलन गर्न सकिने कुरालाई सम्बोधन गर्न सक्दैन,' उहाँले भन्नुभयो ।

कतिपय रुख नदी बगरको सतहमा गाडिएका वा पानीभित्र डुबेको अवस्थामा रहेका हुन्छन् । त्यस्ता रुखलाई स्काभेटरको सहायताले उत्खनन गरेर मात्रै सङ्कलन गर्न सकिन्छ । 'बग्दै गरेका, गाडिएका, डुबेका रुख सङ्कलन गर्न डिभिजन वन कार्यालयसँग रहेको स्रोत साधन, जनशक्ति, सामथ्र्य र बजेटले भ्याउँदैन,' उहाँले भन्नुभयो ।

**काठ सदुपयोगमा सरकारी उदासीनता**

कर्णाली नदीमा अड्किएका तथा गाडिएका रुखको व्यवस्थापन गर्ने प्रयास भए पनि अन्तर सरकार विवादका कारण सफल हुन सकेको छैन । टीकापुर नगरपालिकाले आर्थिक वर्ष २०७५–७६ र २०७६–७७ मा ठेक्कामार्फत दहत्तर बहत्तर काठ दाउरा सङ्कलनको पहल गरेको थियो । प्रदेश सरकार र स्थानीय सरकारबीच कार्यक्षेत्रको विवादका कारण उक्त कार्यलाई निरन्तरता दिन नसकिएको टिकापुरका निवर्तमान नगर प्रमुख तपेन्द्र रावलले बताउनुभयो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद–९ दफा ६२ क (२) अनुरूप, पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सार्वजनिक तथा ऐलानी जग्गामा भएका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदि बिक्री गर्नसक्ने कानूनी व्यवस्था रहेको छ । यही व्यवस्थाअनुसार कर्णाली नदीका दहत्तर बहत्तर काठको सङ्कलनका लागि टीकापुरले दुई वर्षको ठेक्का प्रदान गरेको थियो ।

ठेक्का सम्झौताअनुसार उक्त काठ सङ्कलनको जिम्मा टीकापुर–१ स्थित भास्कर सःमिल तथा फर्निचर उद्योगले पनि पाएको थियो । उद्योगका सञ्चालक दिलबहादुर ठकुल्लाका अनुसार आवश्यक साधन स्रोत तथा अनुभवको अभावका कारण सो समयमा पर्याप्त काठ सङ्कलन गर्न सकिएन । 'यदि अहिलेको जस्तो स्रोत, साधन र अनुभव भएको भए, एक लाख घन फिटभन्दा बढी काठ सङ्कलन गर्न सकिन्थ्यो,' ठकुल्लाले भन्नुभयो ।

वन कार्यालयले सङ्कलन कार्य प्रदेश सरकारको कार्यक्षेत्रमा पर्ने भन्दै ठेकेदारका ढुवानीका साधन नियन्त्रणमा लिई काममा अवरोध गरेको थियो । त्यसयता, वन कार्यालयले र नगरपालिकाले कर्णाली नदीका दहत्तर बहत्तर काठ सङ्कलनका लागि कुनै पहल नगरेको पूर्वनगरप्रमुख रावलले बताउनुभयो ।

आँखै अगाडि करोडौ पर्ने काठ बगेर भारततर्फ गएको देखिन्छ । कतिपय रुख नदीमा गाडिएका, अड्किएका तथा डुबेका अवस्थामा छन् । बाढीसँगै बगेर जाने काठबाहेक, अड्किएका काठ सङ्कलन गर्न सकिए मात्र पनि करोडौँ आम्दानी हुनसक्ने जानकी–६ स्थित माँ भूवनेश्वरी सःमिल तथा फर्निचर उद्योगका सञ्चालक शाहले बताउनुभयो । 'कर्णाली नदीमा अहिले पनि वर्षाको बाढीले बगाएर ल्याई अड्किएका तथा गाडिएका हजारौँ रुख देख्न सकिन्छ,' शाहले भन्नुभयो, 'तर, यी काठ सङ्कलन नगरिँदा अर्को वर्षको बाढीले फेरि सबै बगाएर लैजान्छ ।'

डिभिजन वन कार्यालय कैलाली र पहलमानपुरको तथ्याङ्कअनुसार कर्णाली नदी बाहेकका अन्य साना नदीबाट चालु आर्थिक वर्षमा मात्रै जिल्लामा एक हजार २६ रुख (३९ हजार ७६० क्युफिट) काठ सङ्कलनका लागि लगत लिइएको छ । लगत लिइएका ती काठ सङ्कलन भए करिब रु चार करोड बराबरको राजस्व प्रदेश सरकारलाई प्राप्त हुने वन कार्यालयको आँकलन छ । कर्णाली नदीमा मात्रै अन्य नदीको तुलनामा पाँचगुणा बढी (करिब दुई लाख क्यु फिट) भन्दा धेरै काठ बगेर जाने आकलन रहेको सुदूरपश्चिम प्रदेश वन निर्देशक हेमराज विष्ट बताउनुहुन्छ । यस आकलनअनुसार करोडौं बराबरको काठ बग्ने गर्दछ ।

सङ्घीय संरचनाअनुसार संरक्षित क्षेत्रबाहेकको वन व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी प्रदेश सरकारलाई दिइएको छ । प्रदेश सरकारले वन संरक्षण, व्यवस्थापन तथा वन पैदावार सदुपयोगका लागि प्रदेश वन ऐन र नियमावली जारी गरेको छ । यी कानूनी व्यवस्थाले कर्णाली नदीमा बगेर जाने, गाडिएका, अड्किएका र डुबेका रुखको सङ्कलन सम्बन्धी स्पष्ट कानूनी आधार तय गर्न सकेका छैनन् ।

कानूनी रूपमा कर्णाली नदीमा बगेर आउने काठको स्वामित्व प्रदेश सरकारको हुन्छ । सोको व्यवस्थापनका लागि प्रदेश सरकारसँग कानुन बनाउन, कार्यान्वयन गर्न तथा आवश्यक संस्थागत संरचना स्थापित गर्ने अधिकार पनि छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय र सव डिभिजन वन कार्यालय प्रदेशभर स्थापना गरिएका छन् ।

प्रदेश सरकारको उदासीनताका कारण कर्णाली नदीमा करोडौँ बराबरको काठ व्यवस्थापन हुन नसकेको पर्यावरण संरक्षण तथा वन पैदावार उद्योग व्यवसायी सङ्घ कैलालीका अध्यक्ष जोन शाहले बताउनुभयो । नीतिगत र प्रक्रियागत जटिलताका कारण ढलेका, सुकेका रुख तथा कर्णाली जस्ता ठूला नदीबाट सङ्कलन गर्न सकिने काठसमेत उपयोगमा आउन नसकेको अध्यक्ष शाहले बताउनुभयो । प्रदेश सरकारले सहज कानूनी व्यवस्था गरेमा कर्णाली नदीका काठ सङ्कलन गर्न सकिन्छ । यसबाट वन पैदावार आयात प्रतिस्थापनमा टेवा पुग्ने मात्र होइन नदी तटीय क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दाले रोजगारी पाउने र प्रदेश सरकारलेसमेत करोडौँ राजस्व सङ्कलन गर्नसक्ने शाहको दाबी छ ।

**प्रविधिको अभावले राजस्व गुमाउँदै सरकार**

वर्षात्को समयमा कर्णाली पुलबाट हेर्दा प्रशस्तमात्रामा काठ बगेर गएको देखिन्छ । बगिराखेकै अवस्थामा काठ सङ्कलन गर्ने क्षमता नहुँदा भारततर्फ गइरहेको प्रदेश वन निर्देशक हेमराज विष्टले बताउनुभयो । 'हामीसँग हालसम्म बग्दै गरेको काठ दाउरा सङ्कलनका लागि उपयुक्त प्रविधि छैन, असार, साउन, भदौमा पानीको बहाव धेरै हुँदा ठूलठूला रुख बगेर गएको देखिन्छ,' विष्टले भन्नुभयो, 'त्यस्ता काठ सामान्य तरिकाबाट निकाल्न सकिँदैन, त्यसका लागि काठ सङ्कलन गर्ने घाट बनाएर ठूला क्रेनले तान्नुपर्छ ।'

नीतिगत समस्याका कारण कर्णाली नदीका काठ सङ्कलन गर्न नसकेको सुदूरपश्चिम प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव प्रमोद भट्टराईले बताउनुभयो । उहाँले भन्नुभयो, 'हालसम्म त्यस्ता काठ सङ्कलनका लागि प्रदेश सरकारमार्फत काम गरिएको छैन, अब सङ्कलन गर्ने योजना बनाउनेछौँ ।' रासस

# सङ्घीय व्यवस्था मितव्ययी बनाउन संविधान संशोधन जरूरी

**काठमाडौँ ।**
प्रतिनिनिधिसभाका सांसद मोहन आचार्यले नेपालजस्तो भौगोलिक जटिलता भएको मुलुकमा सङ्घीयताका राम्रा पक्ष सबैले अनभूत गरिरहेको बताएका छन् । उनले आमनागरिकमा राज्यको पहुँच पुगेको भएपनि यो व्यवस्था केही खर्चिलो पनि छ, यसलाई कसरी व्यवस्थित गर्ने र खर्च घटाउने भन्ने विषय जिम्मेवार राजनीतिक दल र नेताहरूले सोच्ने अवस्था आइसकेको बताए ।
राष्ट्रिय समाचार समितिका प्रमुख समाचारदाता नारायण न्यौपाने र समाचारदाता अशोक घिमिरेलाई दिएको अन्तर्वार्तामा सांसद आचार्यले भने, 'सङ्घीयताको कार्यान्वयनका यही विषयवस्तुलाई ध्यान दिएर संविधान संशोधन गर्नेगरी अहिले दुई दल मिलेर गठबन्धन सरकार पनि निर्माण भएको हो ।'




**पछिल्लो राजनीतिक घटनालाई कसरी लिनुभएको छ ?**
राजनीतिक परिवर्तन पछाडिका जनअपेक्षा पूरा गर्न दुई ठूला राजनीतिक दल गठबन्धन सरकार निर्माण गरेर अघि बढिरहेका छन् । आमजनतामा भरोसा र आशाको केन्द्रबिन्दु बन्न सकेको छ । यद्यपि, समयमै 'डेलिभर' गर्ने सबालमा गठबन्धन सरकार गम्भीर भएर लाग्नुपर्छ । गठबन्धन सरकार यसमा गम्भीर भएर लागिपरेको पाएको छु ।

**दुई ठूला दलहरूले गठबन्धन गर्दैगर्दा संविधान संशोधनलाई मुख्य एजेण्डा बनाएका थिए । तर वर्तमान सरकार गठन भएको नौ महिनासम्म अझै संविधान संशोधनबारे वहस नै भएको छैन, यसमा किन ढिलाइ भइरहेको छ ?**
संविधानमा लेखेका कुराहरू परिवर्तनशील छन्, त्यो अब समयसापेक्षता अनुसार कमिकमजोरी भएको ठाउँमा परिवर्तन गर्नुपर्नेछ । संविधान संशोधन गम्भीर विषय हो । संविधान संशोधन दलहरूको एजेण्डामा परिसकेको छ । यसको गम्भीरतालाई बुझेर नेपालको ठूला पार्टीहरू मिलेर बनेको गठबन्धन सरकारले एजेण्डा बोकेर अघि बढेको छ । जिम्मेवारी के पनि पूरा गर्नुपर्ने छ भने साना दलहरूसँग पनि कुरा गरेर देशमा शान्तका साथ व्यवस्थित ढङ्गले सबैको प्रतिनिधित्व हुने गरी संविधान संशोधनका विषय लिएर लैजानुपर्छ भन्ने गम्भीरता र गहिराई बुझेर यसले समय लिएको हो ।

**पछिल्लो समय सङ्घीयता खर्चिलो प्रणाली भयो, यसलाई धान्न नसकिने भयो भन्ने टिकाटिप्पणी गरिन्छ, यसमा यहाँको धारणा के छ ?**
सङ्घीयताका बारेमा आआफ्नो दृष्टिकोण छ । नेपालजस्तो भौगोलिक जटिलता भएको मुलुकमा सङ्घीयता भइसकेपछि विकासको अवस्थाका बारेमा सबैले बुझ्न र देख्न सक्छ । यसको राम्रा पक्ष सबैले अनभूत गरिरहेका छन् । आमनागरिकमा राज्यको पहुँच पुगेको छ । यद्यपि, यो व्यवस्था केही खर्चिलो पनि छ, यसलाई कसरी व्यवस्थित गर्ने र खर्च घटाउने भन्ने विषय जिम्मेवार राजनीतिक दल र नेताहरूले सोच्ने अवस्था आइसकेको छ । यही सुझबुझलाई नै ध्यान दिएर संविधान संशोधनका विषय अहिले बनेको गठबन्धन सरकारले अघि बढाएको हो ।

**मुलुकको राजनीतिक परिवर्तनको सहयात्री दलहरूबीच मुलुकको समृद्धिका लागि मतैक्य देखिँदैन, तर यो यात्रा के कारणले जटिल र प्रभावित भइरहेको छ ?**
एउटा नेपालीको कद घट्दै गर्दा अर्कोको बढ्छ भन्ने विश्वास म राख्दिन । सबभन्दा ठूलो कुरा के हो भने हामीले आमनिर्वाचनमा जनताहरूलाई आफ्नो एजेण्डामा विश्वस्त बनाउन बोल्ने कुरा आफ्नो ठाउँमा रह्यो । आजको चिन्ताको विषय के हो भने हरेक नेपालीले बोकेको राहदानीको 'भ्यालु' कति रहन्छ भन्ने महत्वपूर्ण कुरा हो । त्यो राहदानीको सम्मान गर्न हामी सबै सम्पूर्ण राजनीतिक दलका नेतृत्व पङ्क्तिले गम्भीरताका साथ सोच्नेबेला आइसकेको छ । अब यसमा ढिला गर्न हुँदैन । यसका लागि नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र)सहित अन्य राजनीतिक दलका नेता गम्भीरताका साथ लाग्नुपर्छ । पक्कै पनि राजनीतिक दलहरूबीच निर्वाचनको मैदानमा आन्तरिक प्रतिस्पर्धा हुने कुरा छदैँछन् । तर राष्ट्र निर्माण, कूटनीतिलगायत विषयमा दलहरूको एकरूपता चाहिन्छ, ताकि त्यसो नभएमा कष्टकर अवस्था आउन सक्छ । यी गम्भीर विषयलाई संवेदनशीलरूपमा लिनुपर्छ । राष्ट्रलाई केन्द्रबिन्दुमा राखेर लिनुपर्ने कदममा सम्पूर्ण राजनीतिक दलहरूले गम्भीतारपूर्वक लिनुपर्छ ।

**अहिलेको संसद् गठन भएको लगभग साढे दुई वर्ष पुग्न लाग्यो, संसद्को आधा कार्यकाललाई कसरी लिनुहुन्छ ? उपलब्धि गरिरहेको छौँ या समय खर्च गरिरहका छौँ ?**
राजनीतिक अस्थिरताका कारण देश आर्थिक सङ्कटमा थियो । अब यसलाई सही ट्र्याकमा ल्याउनु छ । सङ्घीयता लागू गरेपश्चात कहाँकहाँ बढी खर्च भयो ? त्यसलाई कसरी घटाउने ? विकासका मोडल कसरी परिवर्तन गर्ने ? समयमै कसरी 'डेलिभरी' दिने ? जनतालाई सहजै सेवासुविधा प्राप्त गर्ने वातावरण बनाउने ? स्वास्थ्य शिक्षाका क्षेत्रमा राज्यले कुन ढङ्गले अघि बढ्ने भन्नेमा गम्भीरताका साथ लाग्नुपर्छ । मैले बुझेसम्म सरकार वर्तमान सरकार यही दिशामा अघि बढिरहेको छ । यद्यपि, हामी गन्तव्यमा पुग्न सकेको छैनौँ ।

**'डेलिभरी' दिन नसक्नुको कमजोरी कसको वा समस्या के हो ?**
सुशासन, सेवा प्रवाह र मौलिक हकको कार्यान्वयनलगायत कानुनी र व्यवहारिक समस्या देखापरेका छन् । यसलाई सुधार गरेर जानुपर्छ ।
प्रजातन्त्रको पुनःवहालीपछिका प्रत्येक नयाँ बन्ने सरकारले अघिल्लो सरकारलाई दोष थुपर्दै जाने प्रवृत्ति देखिएको छ । अहिलेसम्म आइपुग्दा भ्रष्टाचार मौलाउँदो र सुशासन झन् कमजोर बन्दै गएको देखिएको छ । किन यस्तो भइरहेको छ ?
कतिपय अवस्थामा कामकारबाहीमा पर्याप्त ध्यान पुर्याउन नसक्दा त्यस्तो स्थिति देखापरेका छन् । यो व्यक्ति विशेषको प्रवृत्तिमा पनि भर पर्ने कुरा भयो । विगतमा जे जस्तो कमजोरी भए त्यसलाई सुधारेर जानुपर्छ । भोलिका दिनमा नेपाललाई कसरी सबल राष्ट्र बनाउने भन्नेबारेमा जिम्मेवार दल र नेताहरूले ध्यान दिनुपर्छ ।

**यहाँ इन्जिनियरिङ पृष्ठभूमिबाट राजनीतिमा होमिनुभएको छ । राष्ट्रिय गौरव र प्राथमिकताप्राप्त लगायत आयोजना समयमै निर्माण सम्पन्न नहुने जुन अवस्था देखिएको छ, यसलाई कसरी लिनुभएको छ ?**
यो निकै संवेदनशील विषय हो । यसमा ठूलो गृहकार्य आवश्यक छ । हामीले गर्दै आइरहेका कामको विधि सही छैनन् । जसका कारण हामीले प्राप्त गर्न चाहेको चिज पाइरहेका छैनौँ । यसलाई स्वीकार्नुपर्छ । विकसित राष्ट्र कसरी त्यो स्थानमा पुगेँ, हामी कहाँ चुक्यौँ भनेर सोच्नु जरूरी छ । हामी एउटै तरिकाबाट काम गर्दै आइरहेको छौँ । तर हामी नतिजा चै अर्को चाहना गरिरहेका छौँ । यही नै समस्या हो । हामीले के खोजेको छौँ, त्यो अनुसारको प्राप्ति कसरी गर्न सकिन्छ भन्ने नियम, कानुन परिमार्जन गर्नुपर्छ । यो नगरेसम्म पूर्वाधार निर्माण समयमै सम्पन्न हुने र गुणस्तर सुनिश्चित हुँदैन । कमजोर अन्तरनिकाय समन्वय, विभिन्न निकायका आआफ्नै नीतिले गर्दा अनावश्यक समय खर्च भइरहेको छ । त्यसका लागि हामीले कानुनी व्यवस्था मिलाएर छिटोछरितो सकिने बनाउनुपर्छ । सरोकारवालाको राय लिएर अघि बढ्न सक्यौँ भने मात्रै परिणाम हासिल गर्न सकिन्छ । हैन, एउटा कोठामा बसेर सबै ठिकठाक छ भनेर कलम चलायौँ, व्यवहारिक कानुन बनाएनौँ भने चाहेको कुरा प्राप्त गर्न सकिदैन ।

**यहाँ रसुवाबाट सङ्घीय संसद्मा प्रतिनिधित्व गर्नुहुन्छ, यहाँको जिल्लाका प्राथमिकता के हुन्, त्यसलाई कसरी सम्बोधन गर्दै हुनुहुन्छ ?**
यो मेरो दोस्रो कार्यकाल हो । म निर्वाचित भएको दिनदेखि नै पिउने पानीका लागि लागिपरेको छु । खानेपानी आयोजनाको विस्तृत परियोजना निर्माण (डिपिआर) निर्माण र वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) गर्न मेहनत गरिरहेको छु । सात वर्ष भयो यी विषय अझै टुङ्गिएको छैन । खानेपानी आयोजनाको मुहान लाङटाङ राष्ट्रिय निकुञ्जभित्र छ । निकुञ्जभित्र आयोजना निर्माण गर्न वातावरणीय अध्ययनन गर्नुपर्छ । त्यसलाई पास गर्न वन मन्त्रालय राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना हो कि होइन भनेर खोज्छ । राष्ट्रिय योजना आयोगबाट सो आयोजना राष्ट्रिय प्राथमिकताको हो भनेर बनाउन पहिला वातावरणीय अध्ययन भएको छ कि छैन भनेर हेर्छ । मैले यहाँ जटिलताको कुरा उठाएको हुँ । यो समस्या म आफैँले अहिले भोगिरहेको छु । एउटै मुहानबाट ४६ हजार जनसङ्ख्यालाई पिउने पानी योजना छनोट गरेर अहिले पनि काम गरिरहेको छु ।
अर्को रसुवागढी अन्तर्राष्ट्रिय नाकालाई सही ढङ्गले व्यवस्थित गर्नुपर्ने छ । सडक सञ्जाल निर्माण गर्नुपर्ने छ । बजेट त छुट्याइएका छन्, तर व्यवस्थित ढङ्गले काम भएका छैनन् । २०७२ सालको भूकम्पमबाट क्षति भएका पूर्वाधार र निजी आवास अझै टुङ्गेको छैनन् । भूकम्पबाट विस्थापित नागरिकलाई आआफ्नै थातथलोमा सुरक्षित बसोबासको प्रबन्ध मिलाउन लागि परेको छु । राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको अवधि सकिसकेपछि कसले जिम्मा लिने भनेर दुई तीन वर्ष त बजेट नै व्यवस्था भएन । अहिले गृह र सहरी विकास मन्त्रालयको सहकार्यमा पुनःनिर्माणका काम अघि बढाउन लागि परेको छु ।
सबैभन्दा धेरै सम्भावना भएको जलविद्युत् आयोजना हो । हजारौँ मेगावाटका आयोजना निर्माणाधीन छन् । यी आयोजनालाई सहजीकरण गरेर समृद्ध रसुवा बनाउन लागि परेको छु ।

**अब अगाडिकै विषयमा फर्कौं, गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयतालगायत राजनीतिक उपलब्धिलाई बलियो बनाउने कानुन अझै बन्ने सकेका छैनन्, संसद्को विधायकी भूमिका कमजोर भयो भन्ने जस्तो लाग्दैन ?**
कतिपय विषयको संवेदनशीलताले गर्दा सिकाइको समय लिँदो रहेछ । यसले गर्दा कानुन निर्माण र अभ्यासमा पनि प्रभाव पार्छ । प्रत्येक नागरिकसँग जोडिएको विषय हुनाले गहन ढङ्गले अध्ययन, विचार विमर्श गरेरै अगाडि बढ्नुपर्छ । विषयको संवेदनशीलतालाई बुझेर नै केही समय लागेको हुनसक्छ । जनतालाई डेलिभर दिने, कुन कानुन संशोधन गर्ने, कुन नयाँ कानुन निर्माण गर्नेलगायत विषयमा सरकार लागिपरेकै छ । अध्यादेश ल्याएर होस् वा फास्ट ट्र्याकबाट कानुन पास गरेर जनतामा आशा जगाउन सरकार केन्द्रित भएको छ ।

**आगामी आर्थिक वर्षका लागि बजेट निर्माणको तयारी भइरहेको छ, हाम्रो राष्ट्रिय प्राथमिकता के हुनुपर्छ ?**
नेपाल कृषिप्रधान देश हो, कृषिको विकासका लागि बजेट निर्माणका क्रममा ध्यान दिनुपर्छ । जलविद्युत, पर्यटन नेपालको उच्च सम्भावनायुक्त क्षेत्र हो । यि क्षेत्रलाई प्राथमिकता दिएर जाँदा समृद्धि हासिल गर्न सकिन्छ । म फेरि दोहोर्याएर भन्न चाहन्छु, यसमा ठूलो कानुनी समस्या छन् । न्यून पूँजीगत खर्च बढाउने चुनौतीको विषय हो । जिम्मेवार राजनीतिक दलका नेताहरू यसमा गृहकार्य गरिरहनुभएको छ भन्ने मैले बुझेको छु । आउने समयमा यसले एउटा कोर्ष लिनेछ ।

**पछिल्लो समय युवा पलायन बढेको छ, युवा जनशक्तिमा निराशा देखिन्छ । आमनागरिकलाई आशावादी बनाउन यहाँको के सन्देश छ ?**
म आफैँ पनि विदेशमा पढेर स्वदेश फर्केको हुँदा यसको गम्भीरता राम्रोसँग बुझ्दछु । उच्च शिक्षाका लागि विदेश जानुभएका युवालाई अथक मेहनतका साथ उच्च सफलता हासिल गर्न शुभकामना दिन चाहन्छु । स्वदेशमा पर्याप्त अवसर नभएर उहाँहरू विदेश जाँदै हुनुहुन्छ । सधैँ नाफा मात्रै हेर्नु हुँदैन । नेपाल हामी नागरिकले नै बनाउने हो । हरेक नेपालीको जिम्मेवारी के हो भने अवसरको कुरा मात्रै होइन, हाम्रो राष्ट्र बनाउने दायित्व हरेक नेपालीको पनि हो । यद्यपि, अहिले समय परिस्थितिले गर्दा हामी कोही सङ्घ, प्रदेश र स्थानीय तहमा हौँला, तर नेपाल बनाउने हरेक नेपालीको जिम्मेवारी हो । समृद्ध नेपाल बनाउने हाम्रै जिम्मेवारी हो, जुनजुन ठाउँबाट सक्छौँ योगदान गरौँ । रासस

# वडा कार्यालयद्वारा स्वास्थ्य स्वयम्सेविकालाई साइकल

**सुनसरी ।**
रामधुनी नगरपालिका–९ मा कार्यरत स्वास्थ्य स्वयंसेविकालाई साइकल वितरण गरिएको छ । स्वास्थ्य सेवा प्रवाहमा सहजता ल्याउने उद्देश्यले उनीहरुलाई साइकल प्रदान गरिएको हो ।
वडास्तरीय कार्यक्रममार्फत कुल ८० हजार बजेटबाट ११ स्वयंसेविकालाई साइकल प्रदान गरिएको वडा सचिव जयराम चौधरीले जानकारी दिए । वडा कार्यालयले आयोजना गरेको कार्यक्रममा अध्यक्ष घनश्याम चौधरीले स्वयंसेविकालाई साइकल हस्तान्तरण गरहेका थिए ।
साइकल हस्तान्तरण गर्दै अध्यक्ष चौधरीले भने, 'समुदायमा आधारभूत स्वास्थ्य सेवा पु¥याउन स्वयंसेविकाको महत्वपूर्ण योगदान रहेको छ । सेवा प्रवाहका लागि हिँडेरै घरघर पुग्न गाह्रो हुन्छ । हिँडडुल गर्न सहज होस् भनेर साइकल वितरण गरिएको हो ।'
स्वयंसेविका मञ्जु चौधरीले साइकल पाएपछि पैदल हिँडेर घरघर पुग्नुपर्ने बाध्यता अन्त्य भएको र सेवा प्रवाह गर्न सहज भएको बताईन । स्वयंसेविकाले गाउँघरमा स्वास्थ्य सचेतना फैलाउने, गर्भवती तथा सुत्केरीको घरमै पुगेर निगरानी गर्ने, सरकारका खोप कार्यक्रममा सहयोग गर्ने लगायतका महत्वपूर्ण योगदान गर्दै आएका छन् ।रासस

# 'नेपाली 'मिडिया' स्वतन्त्र छन्'



**ललितपुर ।**
नेपाली कांग्रेस केन्द्रीय सदस्य उदय शम्शेर जबराले अन्य दक्षिण एशियाली देशका तुलनामा नेपाली 'मिडिया' स्वतन्त्र, निष्पक्ष र प्रभावकारी छन् भनेका छन ।
नेपाल पत्रकार मञ्चको शनिवार ललितपुरमा आयोजित सातौँ महाधिवेशनको उद्घाटन गर्दै प्रतिनिधिसभा सदस्यसमेत रहेका उनले नेपाली मिडिया समाजका पहरेदारका रुपमा क्रियाशील रहेकामा त्यसको सराहना गरे ।
नेपाल पत्रकार महासङ्घका महासचिव रामप्रसाद दाहालले पत्रकारको हकहितका लागि पत्रकार महासङ्घ सधैँ क्रियाशील रहने प्रतिबद्धता व्यक्त गरे ।
सार्वजनिक प्रसारण सेवा नेपाल टेलिभिजनका नायब महाप्रबन्धक आरती चटौतले पत्रकारिता जोखिमपूर्ण पेसा भएको बताउँदै राज्यले पत्रकारिताको संवेदनशीलतालाई ध्यान दिनुपर्नेमा जोड दिईन ।
मञ्चका अध्यक्ष युवराज विद्रोहील कुनै पनि राजनीतिक दलमा पत्रकार लाग्न नहुनेमा जोड दिए ।
त्यस अवसरमा क्रियाशील पत्रकारिता पुरस्कार नायब महाप्रबन्धक चटौत, प्रताप स्मृति पत्रकारिता पुरस्कार अन्नपूर्ण पोष्ट दैनिकका रामकला खड्कालाई प्रदान गरिएको थियो ।
गौरीनारायण श्रेष्ठ मध्याह्न पुरस्कार चन्द्र सूर्यवाणी डटकमका सम्पादक सन्तोष मिश्रलाई, नाजीर उद्दीप स्मृति पत्रकारिता पुरस्कार चेतनराज सापकोटा, डा चुडाबहादुर श्रेष्ठ स्मृति पत्रकारिता पुरस्कार फोटोपत्रकार घनश्याम श्रेष्ठ र बल्लभ भण्डारी स्मृति पत्रकारिता पुरस्कार टेलिभिजन पत्रकार टङ्ककला तिमल्सिनालाई प्रदान गरिएको थियो । रासस

# व्यवस्थाविरुद्ध जानेलाई कारबाहीः मुख्यमन्त्री



**तनहुँ ।**
गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था जनताको चाहनाअनुरुप स्थापना भएको वास्तविकता सुनाउँदै त्यसविरुद्ध जाने जोकोही सजायको भागीदार हुने बताएका छन ।
व्यास नगरपालिकाको शनिवार दमौलीमा आयोजित ३३औँ स्थापना दिवस कार्यक्रममा उनँले लामो सङ्घर्ष र बलिदानबाट स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाविरुद्ध जानेलाई कारबाही गरिने चेतावनी दिए ।
मुख्यमन्त्री पाण्डेले राजनीतिक अस्थिरता अन्त्य गर्दै वर्तमान व्यवस्थाबाट नै देशलाई आर्थिक उन्नतिको बाटोमा अगाडि बढाउनुको विकल्प नभएको बताए । उनले तीनवटै तहका सरकारको सहकार्यमा देश विकास सम्भव छ भने ।
राष्ट्रियसभा सदस्य भगवती न्यौपाने, गण्डकी प्रदेशसभा सदस्य जितप्रकाश आले, प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापा जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेलगायत वक्ताले स्थानीय सरकारले जनताको भावनाअनुसार काम गर्नुपर्ने सुझाव दिनुएका थिए । रासस

# वैदेशिक रोजगार व्यवसायी सङ्घमा गुरूङ

**काठमाडौँ ।**
वैदेशिक रोजगार व्यवसायीहरूको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी सङ्घको अध्यक्षमा भुवनसिंह गुरूङ निर्वाचित भएका छन् ।
सङ्घको शनिवार बिहान सम्पन्न मतपरिणममा गुरूङले अर्को उम्मेदवार नरेश गेलालाई ६१ मतान्तरले हराउँदै विजयी भएका हुन् ।



अध्यक्षमा गुरूङले ४२८ मत प्राप्त गर्नुभएको भने गेलालले ३६७ मत प्राप्त गरे । अध्यक्षमा निर्वाचित गुरूङ सङ्घको पूर्व द्बितीय उपाध्यक्ष एवम् गुरूङ म्यानेजमेन्ट प्रालिका सञ्चालक हुन् ।
यस्तै, प्रथम उपाध्यक्षमा सुजित कुमार श्रेष्ठ, द्बितीय उपाध्यक्षमा देवकुमार खोखाली र तृतीय उपाध्यक्षमा बैकुण्ठप्रसाद पौडेल निर्वाचित भएका हुन । यस्तै, महासचिवमा महेशकुमार बस्नेत निर्वाचित भएका छन । बस्नेतले ४२३ मत प्राप्त गर्दा उहाँका प्रतिस्पर्धी कर्णराज कटुवालले ३६२ मत प्राप्त गरे । यसैगरी, सचिवमा कुन्छा दोर्जे डिमडुङ र कोषाध्यक्षमा धनमाया सिञ्जाली निर्वाचित भएका हुन । सदस्यमा भने रेखा शर्मा, कृष्ण ढकाल, भरत सापकोटा, रामकाजी भोलान, सुवर्ण लामा, हिमा गुरूङ, रमा खड्का, देवीप्रसाद गिरी, सुमनराज पाण्डे, विद्यालक्ष्मी बज्राचार्य विजयी भएको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएशनका अध्यक्ष दीपक थापाले जानकारी दिए ।रासस

# केराका बोट मर्न थालेपछि कृषक चिन्तित

**उदयपुर ।**
त्रियुगा नगरपालिका–१४ साउने र वडा नं १५ खाँबु तथा छामलिङ क्षेत्रमा दुई वर्षदेखि व्यावसायिक केरा उत्पादन गर्दै आएका कृषक केराका बोट मर्न थालेपछि चिन्तत बनेका छन् ।
त्रियुगा–१५ खाँबुका वडाध्यक्ष विष्णु तिमसिनाका अनुसार खाँबु क्षेत्र नगरपालिका क्षेत्रको नै केरा पकेट क्षेत्र रहँदै आएको तर एक–दुई वर्षयतादेखि केरामा विभिन्न प्रकारका रोगका कारण बोट मर्न थालेका छन् ।
यस्तै, त्रियुगा–१४ साउनेका वडाध्यक्ष हेमराज मगरका अनुसार साउने क्षेत्रको सुनकोसी किनार क्षेत्र १ नम्बर केरा उत्पादन क्षेत्र रहँदै आए पनि हाल आएर केराका बोटमा रोग लाग्न थालेको र पसाउने गरेको केरा पनि मर्न थालेपछि कृषक चिन्तित बन्न थालेका छन् ।
वडा नं १५ छामलिङका कृषक देवबहादुर मगर भन्छन्, ‘आफ्नो पाखाबारी घरजग्गा सबै ३० रोपनीभन्दा पनि बढी जग्गामा केराखेती नै गर्दै आएको र वार्षिक दुई लाख रुपैया सम्मको केरा बिक्री गर्ने गरेको भए पनि हाल आएर केराका बोट नै मर्न थालेका कारण अहिले केराखेतीबाट आम्दानी हुन छाडेको छ ।’
केराका बिरुवा नै पहेँलो हुने र बोटको फेदमा कुहिएर मर्न थालेपछि फल लागेका केराका बोट नै मर्ने गरेको अँधेरीका कृषक नारायण पुलामी मगर बताउछन । दुई वर्षदेखि गाउँका केराका बोटको फेद कुहिने र बोट मर्न थालेपछि गाउँमा केरा उत्पादनमा ठूलो घाटा लाग्न थालेको अँधेरीका अर्का कृषक हर्कबहादुर राईले बताए ।
वडा नं १५ का वडाध्यक्ष तिमसिना भने, ‘आफूले कृषि ज्ञान केन्द्रका प्राविधिकसँग पनि यस विषयमा परामर्श लिएको र केराका बोट कुहिन थालेपछि सबै केरा मासेर नयाँ बिरुवा रोप्नुपर्ने, गुभारा किराजस्ता रोगका कारण यस्तो भएको भन्ने सुझावका आधारमा गाउँका कृषकलाई पुरानो रोग लागेको केरा मासेर सो स्थानमा अब नयाँ बिरुवा लगाउन सुझाव दिएको छु ।’
कृषि ज्ञान केन्द्रका अनुसार गोभारा किरा र पहेँले रोगका कारण केराका बोट कुहिने, पहेँलो हुने र मर्ने गरेका छन् । नगरपालिकाका– १४ साउने र धाप्लाङ तथा १५ को खाँबु, अँधेरी, छामलिङलगायत सुनकोसी किनार क्षेत्र केरा पाकेट क्षेत्रका रुपमा रहँदै आएका छन् । स्थानीय कृषकका अनुसार यी क्षेत्रमा प्रायः परपम्परागत केरा नै बढी उत्पादन हुने गरेको छ । झप्री, मर्चे, मुङ्ग्रे, मालभोक, चिनियाचम्पा प्रजातिका केरा यी क्षेत्रमा उत्पादन हुने गरेको कृषक बताउँछन् ।रासस

# धान लगाउने खेतमा माछापालन

**नवलपरासी ।**
वन्यजन्तुले बालीनालीमा क्षति पुर्‍याएपछि मध्यवर्ती वन सीमासँग जोडिएका किसान माछापालनतर्फ लागेका छन् ।
नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नवलपुरको मध्यवर्ती क्षेत्रबाट आउने वन्यजन्तुले बाली नोक्सान गर्न थालेपछि यहाँका कतिपय किसान माछापालनतर्फ लागेका हुन् ।
कावासोती नगरपालिका–७, साँढका सडककुमार चौधरीले आफूले पहिले धान खेती गदै आएको जमिनमा पोखरी खनेर माछापालन गर्दै आएको बताए । धान लगायतका अन्य बाली राम्रो हुने भए पनि भित्र्याउने समयसम्म मध्यवर्ती वनबाट आउने वन्यजन्तुले सबै क्षति पुर्‍याउन थालेपछि टोलका सबैले सल्लाह गरी पोखरी खनेर माछापालन शुरू गरेको उनले बताए ।
‘पहिला धान राम्रै फल्थ्यो, जनावरले खाएर सखाप पार्न थालेपछि पोखरी खनेर माछा पाल्न थालेका हौँ,’ चौधरीले भने । पोखरी खन्न मध्यवर्ती सामुदायिक वनले समेत सहयोग गरेको हो । माछापालनबाट राम्रै आम्दानी गर्न सकिने गरेको चौधरीले बताए ।
यहाँका रामनगर, साँढ र गैरी टोलका प्रायः सबैले माछापालन गरेका छन् । वन सीमासँग जोडिएका यी टोलमा मात्र करिब १०० पोखरी रहेको



कावासोती नगरपालिका–७ का वडाध्यक्ष गोविन्दप्रसाद महतोले बताए । वन्यजन्तुले लगाएको बाली खाएर सताएपछि पोखरी खनेर माछा पालन गर्न थालेका स्थानीयको आम्दानीको माध्यम पनि माछापालन भएको छ ।
‘वन्यजन्तुले बाली नाली खान्थ्यो, अब माछा खानेकुरा भएन, राम्रो नै रहेको छ, केहीले आम्दानीसमेत धेरै राम्रो गरेका छन्,’ वडा अध्यक्ष महतोले भने । वडाले गतवर्ष ५० प्रतिशत अनुदानमा माछाको दानासमेत उपलब्ध गराएको उनले बताए । कावासोती नगरपालिका पशुपन्छी विकास शाखाका प्रमुख डा टेकराज पौडेलका अनुसार पालिकाको मध्यवर्ती सामुदायिक वनसँग जोडिएका वडामा माछा पालन गर्ने किसान बढ्दो रहेको छ । वन्यजन्तुले बालीमा क्षति पुर्‍याउँदा त्यसको विकल्प र उक्त क्षेत्रमा पानीको राम्रो स्रोत भएकासमेतले माछा पालन गर्ने किसान बढ्दो रहेको उनले बताए ।
पालिकाको वडाहरू ७, १०, ११, १३, १४, १५, र १७ लाई माछा पकेट क्षेत्रका रूपमा रहेको शाखा प्रमुख डा पौडेलले बताए । कावासोतीमा माछाको उत्पादन बढ्दै गएको उनले बताए । ‘कावासोती नगरपालिकामा पछिल्लो समय माछा पालन गर्ने किसान बढ्दै गएका छन्, उनीहरूले आम्दानी पनि राम्रो लिने गरेका छन्, पालिकाले पकेट क्षेत्र घोषणा गरी त्यसमा केही सहयोग समेत पुर्‍याउँदै आएको छ,’ शाखा प्रमुख डा. पौडेलले भने ।
कावासोती नगरपालिकाले माछा पालन गर्ने किसानलाई मत्स्य यान्त्रिकरण सहयोग कार्यक्रम राखेर मोटर, एरिएटर, जाललगायतका सामग्री ७५ प्रतिशत अनुदानमा उपलब्ध गराएको, समय समयमा माछाको भुरा अनुदानमा उपलब्ध गराउनेलगायतका सहयोग गर्दै आएको शाखा प्रमुख डा पौडेलले बताए । अहिले पनि साना माछा पोखरीको डिल भत्किने समस्या हुने हुँदा त्यसको सुरक्षाका लागि ट्रिपोलिन प्लास्टिक वितरण गर्न लागिएको शाखा प्रमुख डा पौडेलले बताए । रासस

# जुम्लामा शैक्षिकसत्र अगावै पाठ्यपुस्तक

**जुम्ला ।**
हिमाली जिल्ला जुम्लामा पाठ्यपुस्तक पुगेको छ । शैक्षिक सत्र शुरू नहुँदै जिल्लामा यस वर्ष समयमै पाठ्यपुस्तक पुगेको हो ।
देशभर नयाँ शैक्षिक सत्र वैशाख १ गतेदेखि शुरू हुने गर्दछ । हिमाली जिल्लामा केही वर्ष पहिले फागुनदेखि नयाँ शैक्षिक सत्र शुरू हुने गर्दथ्यो । दुई शैक्षिक सत्र अघिदेखि जुम्लामा वैशाखदेखि नै शुरू हुने गरेको छ । यस वर्ष शैक्षिक सत्र शुरू हुनुअगावै जिल्लामा पाठ्यपुस्तक आइपुगेको सदरमुकाम खलङ्गा बजारमा रहेको सन्ध्या स्टेशनरीका सञ्चालक सुमन खड्काले जानकारी दिए ।
नयाँ शैक्षिक सत्रका लागि जिल्लामा गत चैत १७ गते पाठ्यपुस्तक पुगेको छ । खड्काले भने, ‘कक्षा १–५ सम्मको एक हजार ५०० रुपैयाँ सेटको र कक्षा ६–१० सम्मको दुई हजार रुपैयाँ प्रतिसेटमा पाठ्यपुस्तक आइपुगेको छ, यहाँका आठ स्कुलले पाठ्यपुस्तक लिएका छन्, अझै विद्यालयबाट माग आउँदै छ, आन्दोलनका कारण शिक्षक बाहिर छन्, अहिले कमै मात्र बिक्री भइरहेको छ, स्कुल खुलेपछि पाठ्यपुस्तक लिनेको सख्या बढ्ने सन्ध्या स्टेसनरीका सञ्चालक खड्काको भनाइ छ ।’
यहाँका सामुदायिक विद्यालयलाई जिपी स्टेशनरी र सन्ध्या स्टेशनरीले पाठ्यपुस्तक बिक्री–वितरण गर्दै आएका छन् । यस्तै कनकासुन्दरीको दर्पण स्टेशनरी, सिँजाको कर्णाली र तिलाको दीपकैलाश स्टेशनरीले पाठ्यपुस्तक बिक्री–वितरण गर्दै आएका छन् । जिल्लाभर १ सय ४५ सामुदायिक विद्यालय रहेको शिक्षा विकास तथा समन्वय एकाइले जनाएको छ । रासस

# अमेरिकी सहायता कटौतीले अफगानिस्तानमा भोकमरीको खतरा

**काबुल ।**
अमेरिकाले अफगानिस्तानका लागि दिएको खाद्य सहायता कटौती गरेपछि यहाँका लाखौं मानिस भोकमरीको गम्भीर जोखिममा परेका छन् । संयुक्त राष्ट्र अन्तर्गतको विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) का अनुसार अहिले उनीहरूसँग सीमित स्रोत मात्र बाँकी छ, जसले गर्दा सबैलाई आवश्यक सहायता दिन असम्भव भएको छ । डब्लुएफपीका अनुसार अफगानिस्तानमा करिब ४५ लाख मानिसलाई खाद्य सहायता आवश्यक छ । तीमध्ये ३१ लाख मानिस अकालको मुखमा छन् ।
अहिलेको अवस्थाअनुसार, वर्षभरि जम्मा आठ लाख मानिसलाई आधा परिमाणमा मात्र खाद्य सहायता दिन सकिनेछ ।डब्लुएफपी अफगानिस्तानका प्रमुख मुइन्टा चिमुकाले भने, ‘हामीसँग भएको स्रोत निकै थोरै छ । अझै सहयोग प्राप्त भएन भने, हामीले केही




समुदायलाई भन्नु पर्छ कि हामी तपाईंहरूलाई सहयोग गर्न सक्दैनौं । त्यसपछि उनीहरू कसरी बाँच्ने ?’
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पद सम्हालेपछि सबै विदेशी सहायता तीन महिनाका लागि रोक्ने निर्णय गरे । आपतकालीन सहायता छुट हुने भनिए पनि अफगानिस्तानसहित १४ देशका लागि सहायता कटौती गरिएको छ । केही देशको सहायता पछि पुनः बहाल गरिएको भए पनि अफगानिस्तानमा कटौती यथावत् छ ।संयुक्त राष्ट्रका अनुसार अफगानिस्तानमा बेरोजगारी, गरिबी र अन्य देशबाट फिर्ता आएका मानिसहरूका कारण स्थिति झन् जटिल हुँदै गएको छ । खाद्यान्नको अभाव, कृषि क्षेत्रमा समस्या र पोषणको कमीले लाखौं जनताको जीवन सङ्कटमा परेको छ ।
संयुक्त राष्ट्रले सबै दाताहरूसँग अपील गर्दै भनेको छ, ‘यदि हामीले तुरुन्त सहयोग जुटाउन सकेनौँ भने, अफगान जनतालाई भोक र पीडाबाट जोगाउन गाह्रो पर्छ । दीर्घकालीन समाधानका लागि अहिले नै कदम चाल्न जरुरी छ ।’ एएफपी

# कङ्गोमा बालबालिकामाथि यौन हिंसा बढ्दोः युनिसेफ

**अमेरिका ।**
संयुक्त राष्ट्र बाल कोष (युनिसेफ) ले पूर्वी डेमोक्रेटिक रिपब्लिक अफ कङ्गो (डीआरसी) मा द्वन्द्वका कारण बालबालिकामाथि यौन हिंसाका घटनाहरू डरलाग्दो रूपमा बढिरहेको जनाएको छ ।
सन् २०२५ को जनवरी र फेब्रुअरी महिनामा भएको तीव्र द्वन्द्वको समयमा, औसतमा हरेक ३० मिनेटमा एक बालबालिका यौन हिंसाको शिकार भएको रिपोर्ट गरिएको युनिसेफले जनाएको छ ।
उक्त अवधिमा झण्डै १० हजार यौन हिंसासम्बन्धी घटनाहरू सङ्कलन गरिएका छन्, जसमा ३५ देखि ४५ प्रतिशत पीडितहरू बालबालिका रहेको युनिसेफका प्रवक्ता जेम्स एल्डरले जानकारी दिए ।
एल्डरले भने, ‘हामी छुट्टाछुट्टै घटनाको कुरा गरिरहेका छैनौं । यो त गम्भीर मानवअधिकार सङ्कट हो । कतिपय पीडितहरू निकै साना बालबालिका हुन् । यौन हिंसालाई युद्धको हतियार र त्रास सिर्जना गर्ने माध्यमको रूपमा प्रयोग गरिएको देखिन्छ । यसले परिवार र समुदायमा गहिरो असर पारिरहेको छ ।’ उनले अझै धेरै घटनाहरू डर, लाज वा असुरक्षाका कारण रिपोर्ट नभएको हुन सक्ने भन्दै अहिले उपलब्ध तथ्याङ्क ‘बरफको शिर मात्र’ हुनसक्ने चेतावनीसमेत दिए । युनिसेफले अन्तर्राष्ट्रिय समुदायलाई बालबालिकाको सुरक्षा र न्यायका लागि तत्काल तथा समन्वित प्रयास गर्न आग्रह गरेको छ । एल्डरले थपे, ‘हामीलाई रोकथामका लागि थप प्रयास, पीडितमैत्री सेवा र उजुरी गर्न सकिने सुरक्षित तथा विश्वसनीय माध्यमहरू आवश्यक छन् । पीडितहरूले महसुस गर्नुपर्छ कि विश्व उनीहरूका पक्षमा उभिएको छ । साथै, अपराध गर्ने व्यक्तिहरूले कानुनी जिम्मेवारी वहन गर्नैपर्छ ।’ सिन्ह्वा

# जुम्ला–रारा अल्ट्रा म्याराथन वैशाख अन्तिम साता

जुम्ला ।
जुम्ला सदरमुकाम खलङ्गा बजारमा आगामी वैशाख २७ गतेदेखि प्रतियोगिता शुरू हुने भएको छ । कर्णाली खेलकुद क्लब जुम्लाको आयोजनामा छैटौँ संस्करणको जुम्ला–रारा अल्ट्रा म्याराथन प्रतियोगिता हुने भएको हो ।
खेलकुद पर्यटन प्रवद्र्धनमा महत्वपूर्ण भूमिका खेल्दै आएको क्लबले विगत १७ वर्षदेखि जुम्लामा खेलकुद विकास, सामाजिक उत्थान र बालबालिकाको हितमा काम गर्दै आएको छ । क्लबका संरक्षक तथा ओलम्पियन हरिबहादुर रोकायको नेतृत्वमा प्रतियोगिता हरेक वर्ष हुँदै आएको क्लबका अध्यक्ष सरोज शाहीले जानकारी दिए । अन्तरराष्ट्रिय मापदण्डअनुसार दूरी ५१ किलोमिटर तोकिएको छ ।
अध्यक्ष शाहीले भने, ‘दौडको रुट पनि परिवर्तन गरिएको छ । यसबाट जुम्लादेखि रारासम्मको पदयात्रा प्रवद्र्धनसमेत योगदान पुग्ने विश्वास छ ।’ प्रतियोगिताका लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र डिभिजन वन कार्यालयले सहयोग गरेको छ । माथिल्लो मिलीचौरदेखि राराताल किनार, ठाकुर बाबाको मन्दिरहुँदै हुटुमा समापन हुने गरी तय गरिएको क्लबका अध्यक्ष शाहीले जानकारी दिए । दौडमा सहभागी खेलाडीले तिरेको दर्ता शुल्कको १० प्रतिशत उच्च पर्वतीय प्रशिक्षण भवन निर्माणका लागि छुट्याइएको छ । भवन क्लबका संरक्षक रोकायले प्रदान गरेको जग्गामा निर्माण गरिनेछ ।
प्रतियोगितामा ५१ किलोमिटर अल्ट्रा दौड, पाँच किलोमिटर खुल्ला दौड (उद्योगी, व्यापारी, कर्मचारी) र १९ वर्ष मुनीका विद्यार्थीका लागि १० किलोमिटर दौडको व्यवस्था गरिएको छ । दौडमा स्थानीय, राष्ट्रिय र अन्तरराष्ट्रिय धावकको सहभागिता रहने छ । विगतमा बेलायत, नेदरल्याण्ड, भारत, इटाली र अमेरिकासमेतबाट समेत धावकले भाग लिएका थिए । दौड चन्दननाथ भैरवनाथको आँगन, खलङ्गा बजारको जुम्लाबाट शुरु भई मुगुको रारा तालको हुटुमा समापन हुने छ ।
एकाउन्न किलोमिटर प्रतियोगितामा प्रथम हुने (महिला–पुरुष) एक–एक लाख रुपैयाँ प्रदान गरिने छ । यस्तै (महिला र पुरुष) दोस्रो स्थान हासिल गर्नेलाई जनही ७५ हजार रुपैयाँ, तृतीयलाई ५० हजार रुपैयाँ, चौथोलाई २० हजार रुपैयाँ पुरस्कार प्रदान गरिने क्लबले जनाएको छ ।
पाँच किलोमिटर दौड प्रतियोगितामा प्रथम हुनेलाई (महिला र पुरुष) पाँच हजार रुपैयाँ, दोस्रोलाई तीन हजार रुपैयाँ र तृतीय हुनेलाई तीन हजार रुपैयाँ प्रदान गरिने छ । विद्यालयस्तरीय १० किलोमिटर दौड प्रतियोगितामा प्रथम हुनेलाई (महिला–पुरुष) १० हजार रुपैयाँ, दोस्रो हुनेलाई ६ हजार रुपैयाँ र तृतीय हुनेलाई चार हजार रुपैयाँ पुरस्कार प्रदान गरिने छ । रासस

# एसिया छनोटका लागि २० खेलाडी बन्द प्रशिक्षणमा

काठमाडौँ ।
नेपाल क्रिकेट सङ्घ (क्यान)ले आईसीसी महिला विश्वकप एसिया छनोटका लागि दोस्रो चरणको बन्द प्रशिक्षणका २० खेलाडीलाई बोलाएको छ ।
क्यानका प्रवक्ता छुम्बी लामाका अनुसार आगामी मे महिनामा थाइल्याण्डमा हुने आईसीसी महिला विश्वकप एसिया छनोटका लागि दोस्रो चरणको बन्द प्रशिक्षणमा खेलाडीलाई बोलाएको हो ।
दोस्रो चरणको तयारीका लागि इन्दु वर्मा, बिन्दु रावल, सम्झना खड्का, रुबिना छेत्री, रोमा थापा, कविता जोशी, यशोदा बिष्ट, रुबी पोद्दार, राजमती ऐरी, काजल श्रेष्ठ, पूजा महतो, कविता कुँवर, सबनम राई, ईश्वरी बिष्ट, सोमु बिष्ट, मनीषा उपाध्याय, रचना चौधरी, सिता राना मगर, सिमाना केसी र रिया शर्मालाई बोलाएको हो । रासस

# एमालेका युवा सकिए भन्नेलाई वैशाख ११ मा देखाउँछौँः ओली



झापा ।
प्रधानमन्त्री केपी शर्मा ओलीले एमालेको पक्षमा युवा छैनन भन्नेहरूलाई बैशाख ११ गते देख्ने बताएका छन् । दमकमा आयोजित जागरण सभालाई सम्बोधन गर्दै नेकपा एमालेका अध्यक्षसमेत रहेका ओलीले एमाले मात्रै युवाहरूले मन पराएको पार्टी हो भन्ने सो दिन प्रमाणित हुने पनि दावी गरेका छन् ।

युवाहरुलाई आफ्नो देश आफैँले बनाउँछु पर्छ भन्ने भावनाका साथ स्वदेशमै रोजगारी र उद्यमशीलताको विकासमा लगाउन सरकारले आवश्यक कदम चालिरहेको बताए । एमालेले वैशाख ११ गते अर्थात लोकतन्त्र दिवस का दिन काठमाडौँमा युवा महोत्सव आयोजना गर्ने उद्घोष गर्दै ४० वर्ष मुनिका युवाहरु त्यस दिन काठमाडौँ आएर राजतन्त्र हटाएर जनताले जितेको दिनको उत्सव मनाउन आव्हान गरेका छन् । 'एमालेको साथमा युवा छैनन् । एमालेका युवाहरु सिद्धाए भन्नेहरुलाई जवाफ दिन हामीले यो कार्यक्रम गरेका हौं, म चुनौतीका साथ भन्छु, अरु कुनै पार्टीले यति धेरै युवाहरुलाई भेला पार्न सक्दैन,' उनको भनाइ थियो, 'युवाहरुले आफ्नो सामथ्र्यको पूर्ण प्रयोग गरेर देशका निम्ति जुट्नुपर्छ । आफ्नो पेसागत काम र परिवारको हेरचाहमा पनि लाग्नुपर्छ ।'

'देश अब कानून र विधि अनुसार अगाडि बढ्छ । आन्दोलनका नाममा बैंक डुबाउनेहरु, आगजनी गर्नेहरु रक्सीका बोतल लुटेर भाग्नेहरुले जनताले फ्याँकिसकेको राजतन्त्र ब्युँताउन क्रान्ति गर्छु भन्दा कसैले उल्किनु वा भ्रम पाल्नु पर्दैन । ठुला कुरा गर्ने र हल्ला गर्नेहरुले देश बनाउँछु भनेर धाक लगाएर केही हुँदैन । त्यस्ताहरुको अशली अनुहार चैत १५ गतेको तीनकुनेको अराजक घटनबाट देखिइसकेको छ,' प्रधानमन्त्री ओलीले भने, 'विगतमा म प्रधानमन्त्री हुँदा पार्टीभित्रका स्वार्थी र फुटवादीले पार्टीलाई सिध्याउने असफल प्रयास गरेका थिए । अदालतको समेत प्रयोग गरेर हामीलाई सरकारबाट बाहिर पठाए । तर जनताको अभिमतबाट हामी पुनः सरकारको नेतृत्वमा आएका छौँ । अब हामीले स्थिरता र स्थायित्वको अठोट गरेर अगाडि बढेका छौँ । तपाईँहरु अस्थिरतावादीहरुको कुनै भ्रममा पर्नु पर्दैन ।'

प्रधानमन्त्री ओलीले निर्माण कार्य रोकिएका र बन्न बाँकी रहेका बाटा र आयोजनाहरु अब अगाडि बढ्ने जनाउँदै आगामी बजेट र नीति तथा कार्यक्रममा नयाँ ढंगले अगाडि बढाउने उचित नीति र कार्यक्रम लिएर आउने जनाए । उनले कृषिको आधुनिकीकरण र विस्तारका लागि प्राथमिकता दिँदै उद्यमशीलताको विकास गर्न सरकारले प्राथमिकता दिनेसमेत बताए ।

'हामीले अध्यादेश हुँदै विभिन्न पाँच महत्वपूर्ण कानून ल्याएका छौँ । भूमिसम्बन्धी कानून पनि चाँडै आउँछ । यसप्रति निजी क्षेत्र र सबैको सकारात्मक धारणा रहेको छ । घाटामा रहेको अर्थतन्त्र उकालो लाग्न थालेको छ,' उनले भने, 'भूमिहीन सुकुम्बासीहरुका समस्या समाधान गर्न अब आउने संसदको अधिवेशनको सुरुमै कानून ल्याइनेछ । मुलुकलाई गरिबीबाट मुक्त गराउन हामी क्रियाशील रहनेछौँ । समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न हामी दत्तचित्त भएर लाग्नेछौँ । एमालेविनाको नेपालको सपना देख्नेहरुको देशद्रोही सपना पूरा हुँदैन । एमाले झन् ठूलो भएर विजयी भएका आउनेछ । जनतामा आधारित यो पार्टी देशको भविष्य हो । एमाले असफल भए देश असफल हुन्छ ।'

कोशी प्रदेश विविधतायुक्त र जागरुक प्रदेश भएको उल्लेख गर्दै अध्यक्ष ओलीले त्यस जागरणलाई व्यवहारमा उतार्न एमालेको प्रदेश र मातहतका कमिटी नयाँ उत्साहका साथ सक्रिय र चुस्त दुरुस्तरुपमा घरघर र व्यक्ति व्यक्तिमा पुग्ने गरी परिचालित हुनुपर्ने बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को उदयपुर जिल्लाको चौदण्डीगढी नगरपालिकाका सचिव प्रियाकुमारी राई नेकपा एमालेमा प्रवेश गरेकी छिन् । एमाले झापा जिल्ला कमिटीले आज दमकमा आयोजना गरेको जागरणसभा आज पार्टीका अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओलीले राईलाई पार्टीमा स्वागत गरेका हुन । राई भूपु सैनिक आवासीय माविका प्रिन्सिपलसमेत हुन् ।

# ओली सरकार बदनाम भइरहेकामा देउवा 'कन्भिन्स'



**काठमाडौँ ।**
केपी ओली नेतृत्वको सरकार बदनाम छ भन्ने आफु कन्भिन्स रहेको कुरा देउवाले संकेत गरेका छन् । शनिवार बीपी स्मृति सामुदायिक सहकारी अस्पतालको साधारणसभालाई सम्बोधन गर्ने क्रममा अर्का नेता शेखर कोइरालाले ओली सरकारको काम कारबाही प्रति सन्तुष्ट हुन नसकेको र जसका कारण कांग्रेसलाई समेत अप्ठयारोमा परिरहेको बताएका थिए ।

कोइरालाका कुरा मज्जासँग सुनेका देउवाले ओली सरकारको प्रफोमेन्स राम्रो नभएको आरोपमा समर्थन गरेका हुन् । 'अघि शेखर कोइरालाले भनिसक्नुभयो, सरकारको नाममा अहिले धेरै ठूलो बदनामीहरू भइरहेको छ, यो नहोस् भनिसक्नु भयो,' देउवाले छोटा प्रतिक्रिया दिदैँ भने ।हिजो कांग्रेस महामन्त्री गगन थापाले पनि सरकारको काम कारबाही प्रति असन्तुष्टी जनाउँदै 'बिडँ तातेर मात्रै हुन्न, ताप्के नै तात्नु पर्ने रहेछ' भनेर ओली सरकारको काम कारबाही प्रति असन्तुष्टी जनाएका छन् ।

त्यसैगरी, उनले भारतको उत्तर प्रदेशका मुख्यमन्त्रीको विषयमा गलत सूचनाको आधारमा बोलेको भन्दै सच्चाउने कार्य गरेका छन् । 'अस्ति मैले बोल्दा गलत सूचनाको आधारमा मैले भारतको उत्तर प्रदेशका मुख्यमन्त्रीको विषयमा बोल्न पुगेछु, उहाँ दिल्लीको राजदूतावासमा आउनुभएको होइन, दिल्लीको राजदुत चाँही उहाँको निवासमा भेट्न जाँदा भएको कुरा हो, अलिकति भ्रम भएछ, मैले बुझिनछु,' उनले भने ।

'सहकारी संस्थाका रुपमा स्थापना भएको अस्पतालमा शेयर होल्डर र जनताको पैसाको सही सदुपयोग हुनुपर्छ,' उनले भने । उनले देशको स्वास्थ्य क्षेत्रको विकासमा बिपी स्मृति अस्पतालले गरेका कामको सराहना गरे । पार्टीका नेता डा शेखर कोइरालालेसंविधान संशोधनमा विलम्ब गर्न नहुने बताए । 'संविधान संशोधनमा जति ढिलाइ हुन्छ, त्यति नै सडकमा आक्रोश बढ्छ,' उनले भने । एमालेसँगको सत्ता साझेदारी पार्टी समस्यामा नपरोस् भन्नेतर्फ पार्टी नेतृत्व गम्भीर हुनुपर्नेमा उनले जोड दिए ।

अस्पताल सञ्चालक समितिका अध्यक्ष उमेशजङ्ग रायमाझीले बिपी स्मृति अस्पताललाई सातै प्रदेशमा विस्तार गरिने बताए । अस्पताल सञ्चालक समितिका पूर्वअध्यक्षहरु डा केदारनरसिंह केसी, डा सुदामप्रसाद अधिकारी, अस्पतालका शेयरहोल्डर रवीन्द्रनाथ रेग्मीलगायत वक्ताले बिपी कोइरालाका नाममा स्थापित अस्पताललाई चिकित्साको उत्कृष्ट केन्द्र बनाउन सिङ्गो पार्टी लाग्नुपर्ने बताए ।

# विश्वशान्तिको कामना गर्दै भैरहवामा मनाइयो हनुमान् जयन्ती



**रूपन्देही ।**
विश्वशान्तिको कामना गर्दै भैरहवामा हनुमान् जयन्ती मनाइएको छ । श्रीरामजानकी हनुमान् मन्दिर सेवा समिति, रुपन्देही मारवाडी युवा मञ्च, श्याम मित्र मण्डल, हनुमान् मन्दिर मिश्रोलियालगायत विभिन्न संस्थाको आयोजनामा भैरहवा तथा आसपासका क्षेत्रमा हनुमान्को पूजाअर्चना, रामायण तथा हनुमान् चालिसा पाठका हनुमान् जयन्ती मनाइएको हो । भैरहवामा शोभायात्रा पनि निकालिएको थियो । विश्वशान्ति तथा जनकल्याणको कामना गर्दै हनुमान् जन्मोत्सव मनाउने परम्परा रहेको श्री रामजानकी हनुमान् मन्दिर सेवा समितिका अध्यक्ष नरेन्द्रप्रसाद रौनियारले बताए । हनुमानलाई शक्ति, भक्ति र सेवाको प्रतीक मानिन्छ ।

संस्कृत व्याकरणअनुसार 'हनु' धातुमा 'मतुप' प्रत्यय लागेर हनुमान शब्द बनेको छ । हनुको अर्थ चिउँडो हो । यो हन् धातुबाट बनेको छ । 'हन्' धातुको अर्थ हिंसा अथवा गति भन्ने हुन्छ । अतः हनुमान शब्दको अर्थ वेगवान् गतियुक्त शक्ति भन्ने हुन्छ । हनुको अर्को अर्थ आज्ञापालक पनि भनिएको छ । त्यसैले पनि हनुमान भगवान् रामभक्त थिए भनिन्छ । भगवान् रामको जीवनमा भएका घटनाले हनुमानको व्यक्तित्वलाई सर्व प्रतिष्ठित 'देव' बनाइदियो ।

भय मनुष्यको मूलभूत प्रवृत्ति हो । दुष्ट आत्माको प्रकोपबाट बचाउने वाला शक्तिको नाम हनुमान हो । पहिले बाँदरको नाम स्मरण वा दर्शन अशुभ मानिन्थ्यो । हात्तीलाई शुभ मानिन्थ्यो । हनुमानलाई 'मंगलमूरत' को रूपमा अथवा शङ्कट मोचकको रूपमा पूजा गर्न थालियो । त्यसकारण बच्चादेखि बूढासम्म सबैले भयबाट मुक्तिका लागि 'हनुमान चालिसा' को पाठ गर्ने परम्परा सुरु भयो ।

हनुमानलाई वायुका छोरा मानिन्छ । हनुमानले जुनसुकै रूप धारण गर्नसक्ने विश्वास गरिन्छ । शतरुद्र संहितामा एकादश रुद्रमध्ये एघारौँ रूप हनुमानको मानिएको छ । रुद्रहरू हनुमान सम्प्रदायको विकास हुनुपूर्व नै अस्तित्वमा आइसकेका थिए । यसरी रामायणभन्दा पूर्व हनुमानको अस्तित्व रहेको शास्त्रीय मत छ । रामायण नै हनुमानका बारेमा जानकारी दिने सबैभन्दा आधिकारिक स्रोत हो । वैदिक शास्त्रीय ग्रन्थमा पनि विष्णु अवतारका रुपमा जन्म लिनुभएका रामचन्द्रलाई सहयोग गर्न शिव अवतारका रुपमा हनुमानले पनि जन्म लिनुभएको वर्णन गरिएको छ । स्कन्द पुराणको अवन्तिखण्डमा हनुमानभन्दा जगतमा ठूलो प्राणी कोही छैन भन्ने व्याख्या गरिएको छ । परब्रह्म, उत्साह, मति, प्रताप, सुशीलता, माधुर्य, नीति, गाम्भीर्य, चातुर्य, सुवीर्य, धैर्य आदि क्षेत्रमा हनुमानभन्दा अर्को ठूलो कोही पनि छैन भनी वर्णन गरिएको छ ।

यस अवसमरमा आज स्त्री, पुरुष, बाल, वृद्ध सबैले पवित्र नदीमा स्नान गरी व्रत एवम् पूजा आराधना गर्दछन् । हनुमानलाई बजरङ्ग बली पनि भनिन्छ । किनकि हनुमानको शरीर एक वज्रको समान थियो । हनुमान पवनपुत्रका रूपमा चिनिनु हुन्छ । किन भनें पवन देव (हावाको देवता) ले हनुमानको पालन पोषणमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

पाँचमुखी, अत्यन्त तेजस्वी पराक्रमी, पञ्चतत्व र पञ्चरुद्र स्वरूपी, अति भयानक रौद्ररूपी हनुमानको ध्यान गर्नाले सबै काम पूर्ण हुन्छन् भनी शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको पण्डित बालमुकुन्द देवकोटा बताउछन । हनुमानको पूजा आराधना गरेमा रोग व्याधि, बाधा, राजाको भय, प्राकृतिक शक्तिको बाधा, पिचासी शक्ति, भूत, नकारात्मक तत्व, बतास, खोला, आगो, राक्षसी शक्तिको प्रकोप र बेतालबाट पनि मुक्ति पाइन्छ भन्ने मान्यता छ ।

हनुमानले भक्तियोग र कर्मयोगद्वारा रामको निकटता प्राप्त गरेका थिए । वैष्णव सम्प्रदायमा हनुमानलाई विभिन्न यौगिक शक्ति प्राप्तिका लागि पनि पूजा गर्ने चलन छ । आठ प्रकारका यौगिक शक्ति अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्रकाम्य, इशित्व र वशित्व हनुमानमा थिए । हनुमानलाई परब्रह्म र रौद्ररूपमा पनि स्मरण गरिन्छ ।

# पूर्वसचिव पाण्डेको 'सम्झनाका फूलहरू' बजारमा

**काठमाडौँ ।**
पूर्वसचिव शङ्करप्रसाद पाण्डेको संस्मरणात्मक निबन्ध 'सम्झनाका फूलहरू' बजारमा आएको छ । शनिवार आयोजित एक कार्यक्रममा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले उक्त पुस्तक विमोचन गरिन । पुस्तकमा लेखक पाण्डेले भौतिक विकास, पर्यावरण संरक्षण, मुलुकको कूटनीति, शिक्षा तथा प्रशासन सेवाका अनुभव समेट्नुभएको छ ।

नेपाली साहित्यमा अनुपम मानिएको 'मुनामदन'का रचयिता महाकवि लक्ष्मीप्रसाद देवकोटाको प्रतिमा राष्ट्रसेवकका रुपमा ल्हासामा रहँदा
स्थापना गराउँदाको अनुभव पनि पुस्तमा समेटिएको छ । पुस्तक विमोचनपछि पूर्वप्रधानन्यायाधीश कार्कीले पुस्तकका माध्यमबाट राज्यव्यवस्था र त्यससँग सम्बन्धित विषय सार्वजनिक गरेर लेखकले आम पाठकलाई गुन लगाएका बताईन ।

कवि प्रह्लाद पोखरेले पुस्तक नयाँपुराना दुवै पुस्ताले पढ्नुपर्ने बताए भने काठमाडौं महानगरपालिका– १७ का वडाध्यक्ष रोजिना श्रेष्ठले पुस्तकका केही प्रसङ्ग हरेक नेपालीको जीवनसँग मिल्ने किसिमका भएकाले पुस्तक पठनीय भएको टिप्पणी गरिन । रासस

# ज्ञानेन्द्र तीनकुने घटनाको मास्टरमाइन्ड

**पोखरा ।**
नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले काठमाडौँको तीनकुने घटनाको योजनाकार पूर्वराजा ज्ञानेन्द्र शाह भएकाले उनलाई कारबाही गरिने बताएका छन ।

कास्कीमा शनिबार आयोजित जागरण सभालाई सम्बोधन गर्दै पोखरेलले प्रक्रियाअनुसार पूर्वराजा शाहमाथि छानबिन हुने बताएका हुन । 'त्यो कार्यक्रम हत्या, हिंसा, तोडफोड, आगजानी गर्ने उद्देश्यका साथ आयोजना गरिएको थियो । त्यो सम्पूर्ण कामको जवाफदेही, त्यसको योजनाकार, मास्टरमाइन्ड पूर्वराजा ज्ञानेन्द्र थिए, जसलाई अब यथोचित प्रक्रियाबाट छानबिन हुन्छ भन्ने कुरा म जानकारी गराउन चाहन्छु,' उनले भने ।

अराजकताबादलाई सघाउने र मलजल गर्ने काम गर्नु उचित नहुने पोखरेलको भनाइ थियो । देशलाई द्वन्द्व, हिंसामा लैजाने कुरा सरकारले राम्रोसँग बुझेकाले छानबिन गरेर सजाय दिने पोखरेलले बताए । 'एउटा नागरिकले जसरी गलत काम गरेबापत दण्डको भागिदार हुनुपर्छ त्यस्तै किसिमले दण्डको भागिदार (पूर्वराजालाई) बनाउने छौं,' उनले भने ।

उनले लोकतन्त्रको विकल्प वंश परम्परा र अनिर्वाचित सत्ता हुन नसक्ने बताउँदै लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र हुने उनको भनाइ थियो । राजाको शासनकाल र राजतन्त्र ढलेपछि विकास र जनताको जीवनस्तरमा सुधार भएको पोखरेलले दाबी गरेका छन ।



'हिजो बाटो, स्कुल र अस्पतालको अवस्था के हो ?
हिजो २ सय ५१ डलर प्रतिव्यक्ति भएकोमा अहिले १४ सय डलर पुगेको कसरी बिर्सन सक्छौँ,' उनले भने, 'हिजो र आजको तुलना गर्दा यी सबै कुरा हेर्न आवश्यक छ ।' उनले आगामी निर्वाचनमा एक्लै लड्ने गरी मानसिकता बनाउन कार्यकर्तालाई निर्देशन दिए । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालतर्फ इंगित गर्दै उहाँले 'म्याजिक नम्बर'मार्फत अस्थिरता पैदा भएकाले त्यसको अन्त्य गर्न तत्काललाई कांग्रेससँग मिल्नुपरेको पोखरेलले बताए । शिक्षा विधेयक र निजामति सेवा विधेयक वर्तमान सरकारले बर्खे अधिवेशनबाट पारित गर्ने वरिष्ठ उपाध्यक्ष पोखरेलले बताए । 'शिक्षकका माग जुन छन्, ती मागलाई सम्बोधन गर्ने हिसाबले आउने बर्खे अधिवेशनमा पहिलो चरणमै त्यो शिक्षा विधेयक ल्याउने छौं र पास गर्ने छौं । समितिमा छलफल चलिरहेको कुरा भएको हुनाले त्यसलाई टुंगिने प्रक्रिया हुन्छ,' उनले भने । आन्दोलनरत शिक्षकले वार्तामार्फत समाधान खोज्न आवश्यक रहेको उनको भनाइ थियो ।

एमाले कास्कीले लोकतान्त्रिक गणतन्त्र र संविधानको रक्षा तथा प्रतिगामी षड्यन्त्रविरुद्ध शनिबार पोखरामा जागरण सभा गरेको हो । सभाअघि पोखराका ३ ठाउँबाट ¥याली निकालिएको थियो । सभामा एमाले स्थायी कमिटी सदस्य किरण गुरुङ, स्थायी कमिटी सदस्य एवम् गण्डकीका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारी, स्थायी कमिटी सदस्य थममाया थापाले बोलेका थिए ।

# महतोविरुद्ध पक्राउ पूर्जी जारी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामका निर्माण व्यवसायी तथा रमण कन्ट्र्क्सनका सञ्चालक बलराम महतोमाथि ठगी अभियोगमा जिल्ला प्रहरी कार्यालय धनुषाले पक्राउ पूर्जी जारी गरेको छ ।

ठगी र बैंकिङ कसुरको आरोपमा महतोविरुद्ध जनकपुरधाम उपमहानगरपालिका–४ निवासी सन्तोषकुमार यादवले उजुरी दर्ता गराएपछि कानूनी कारबाही प्रक्रिया अघि बढाइएको हो ।

महतो र यादवबीच विगतमा करिब २५ करोड रुपैयाँ बराबरको व्यवसायिक कारोबार भएको थियो । तर, महतोले आफूले ८ करोड रुपैयाँ मात्रै तिर्नुपर्ने भन्दै बाँकी रकम अस्वीकार गरेपछि विवाद उत्पन्न भएको थियो । विवाद समाधानका लागि यादवले अदालतमा मुद्दा दायर गरेपछि पुनरावेदन अदालतले समेत महतो दोषी ठहर गर्दै बाँकी रकम फिर्ता गर्न आदेश दिएको थियो । अदालतको फैसला चैत २१ गते आएलगत्तै महतो फरार भएका छन् ।

उनले फोन बन्द गरेर सम्पर्कविहीन भएको प्रहरीले जनाएको छ । उनलाई पक्राउ गर्न प्रहरीको विशेष टोली परिचालन गरिएको छ । उनको स्थायी ठेगाना धनुषाको साविक रघुनाथपुर गाविस–४ (हाल सबैला नगरपालिका–१२) हो भने हाल उनी जनकपुरधाम उपमहानगरपालिका–१३ मा बसोबास गर्दै आएका थिए ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी प्रमुख एसपी भुवनेश्वर तिवारीले मुद्दा अपराध अनुसन्धान शाखाको मातहत रहेको भन्दै विस्तृत जानकारी दिन अस्वीकार गरे । तर प्रहरी स्रोतका अनुसार शुक्रबार महतोविरुद्ध औपचारिक रुपमा पक्राउ पूर्जी जारी गरिएको छ ।

# जलेश्वर भन्सारमा सुक्खा बन्दरगाह बनाउन पहल हुन्छ



**जलेश्वर ।**
पूर्वअर्थमन्त्री एवम् नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले महोत्तरी सदरमुकाम जलेश्वरमा अवस्थित जलेश्वर भन्सारमा सुक्खा बन्दरगाह बनाउन आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

पार्टीको विभिन्न कार्यक्रममा सहभागी हुन शनिबार महोत्तरी आएका महतले जलेश्वर भन्सार कार्यालयको निरीक्षणपछि यहाँ सुक्खा बन्दरगाह निर्माण र तेस्रो मुलुकसँगको आयातनिर्यात सञ्चालन गर्न सम्बन्धित निकायसँग पार्टी र आफ्नो तर्फबाट आवश्यक समन्वय गर्ने बताए ।

उनलाई जलेश्वर उद्योग वाणिज्य सङ्घले सुक्खा बन्दरगाह निर्माण र तेस्रो मुलुकसँगको व्यापार गर्ने अस्थाका लागि आवश्इक पहलका लागि ज्ञापनपत्र बुझाएको थियो । सङ्घका अध्यक्ष शिवचन्द्र चौधरी यस कार्यले समग्र मधेश प्रदेशलगायत देशको व्यापार–व्यवसायमा सकारात्मक अवस्था निर्माण गर्ने भन्दै ध्यानाकर्षण गराइएको बताए । सरकारले यहाँ सुक्खा बन्दरगाह र एकीकृत जाँचचौकी निर्माणको घोषणा गरेको तीन वर्ष हुनलाग्दा समेत काम अगाडि नबढेको भन्दै उनले आपत्तिसमेत जनाए ।

सोही कार्यका लागि भारत सरकारले आफ्नो क्षेत्रमा पर्खाल निर्माण गरिसकेको छ । नेपालतर्फ भने जलेश्वर नगरपालिका–३ मा ६५ बिघा क्षेत्रफलमा सुक्खा बन्दरगाह निर्माण को प्रक्रिया शुरु गरे पनि कामले गति लिन सकेको छैन । सुक्खा बन्दरगाहका लागि इन्टर मोडेल यातायात विकास समितिले तयार पारेको 'सर्भे रिपोर्ट' उद्योग मन्त्रालय हुँदै अर्थ मन्त्रालयमा पुगे पनि प्रक्रिया अगाडि नबढेको भन्दै व्यवसायीले गुनासो गरेका थिए ।

भारतको पश्चिमबङ्गालको हलदिया बन्दरगाहबाट वीरगंज हुँदै काठमाडौँसम्म मालसामान ढुवानी गर्दा एक हजार १ सय १९ किमी दूरी पर्छ तर यो नाका सञ्चालन भएमा जलेश्वर भन्सार हुँदै बर्दिबास, सिन्धुली हुँदै काठमाडौँसम्मको दूरी ८ सय ८१ किलोमिटर मात्र पर्ने हुँदा निकै सहज हुने व्यवसायीको भनाय छ । वीरगंजभन्दा जलेश्वरबाट काठमाडौँको दूरी २ सय ३८ किलोमिटर दूरी कम पर्ने दाबी गरिएको छ ।

# मनाइयो हनुमान जयन्ती



**मधेशदृष्टि**
**वीरगंज ।**
हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्र भगवान हनुमानको जन्मजयन्ती शनिबार वीरगंजमा विविध धार्मिक कार्यक्रमका साथ धुमधामका साथ मनाइएको छ । हरेक वर्ष चैत्र शुक्ल पूर्णिमाका दिन मनाइने हनुमान जयन्तीका अवसरमा वीरगंजका विभिन्न मन्दिरमा विशेष पूजाआराधना, हनुमान चालिसा पाठ, तथा धार्मिक शोभायात्रा भएका थिए ।

वीरगंजस्थित महावीर स्थान हनुमान मन्दिर, घडिअर्वा, नगवा पोखरी, र रानीघाट हनुमान मन्दिरमा शनिबार बिहानैदेखि भक्तजनको घुइँचो लागेको छ । भक्तजनले हनुमानको दर्शन गरी बल, बुद्धि, विद्या र संकटमोचनको कामना सहित पूजा गरेका छन् । वीरगंजका विभिन्न स्थानबाट शोभायात्रा निकालिएको छ । धार्मिक र सांस्कृतिक महत्वका साथै सामाजिक एकताको सन्देश दिन उद्देश्यले हनुमान आराधना मण्डल, मारवाडी सेवा समिति, अग्रवाल सेवा केन्द्र लगायतका संस्थाले शोभायात्रा, भजनकीर्तन र प्रसाद वितरणजस्ता कार्यक्रम गर्दै आएका छन् ।

यसवर्ष हनुमान जयन्ती शनिबार परेकाले अझ विशेष मानिएको छ । धार्मिक विश्वासअनुसार मंगलबार र शनिबार हनुमानको विशेष आराधना गरिने परम्परा छ । भक्तजनले हनुमान चालिसा पाठ गर्दै मनोकांक्षा पूर्तिको कामना गरेका छन् । यसैबीच प्रत्येक वर्ष चैत्र शुक्ल पूर्णिमाको दिन मनाइने भगवान् श्रीहनुमानको जन्मोत्सवको पावन अवसरमा वीरगंजस्थित ऐतिहासिक महावीर मन्दिरमा शनिबार साँझ ६ बजे महाआरती गरिएको थियो । महावीर मन्दिर समिति, साप्ताहिक हनुमान चालीसा पाठ समिति, मारवाडी सेवा ट्रस्ट र श्री राणी सती ज्योति मण्डलको संयुक्त आयोजनामा भएको कार्यक्रममा वीरगंज महानगरपालिका वडा नम्बर ६ संयोजकको भूमिकामा रहने बताइएको छ । यसैबीच हनुमान जयन्तीको अवसरमा शनिबार बिहान वीरगंजको बजार छपकैयास्थित लक्ष्मी नारायण मन्दिरमा हनुमान चालीसा पाठ कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ । कार्यक्रममा सैयौँ भक्तजनको सहभागिता थियो ।

# 'रामायण बाटिका'का लागि स्थान छनौट



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विगत केही वर्षदेखि योजना तहमै सीमित रहँदै आएको 'रामायण बाटिका' परियोजना अन्ततः औपचारिक रूपमा शुरु हुने भएको छ । हनुमान जयन्तीको अवसर पारेर धनुषाधाममा शनिबार स्थान छनौट गर्दै परियोजनाको कार्यान्वयन चरण आरम्भ गरिएको हो ।

यस परियोजनाले धार्मिक पर्यटन, पर्यावरणीय संरक्षण, सांस्कृतिक जागरण र स्थानीय रोजगारी सिर्जनालाई समेट्ने अपेक्षा गरिएको छ । परियोजना स्थानको छनौट कार्यमा डिभिजन वन कार्यालय धनुषाको नेतृत्व रहेको थियो ।

प्रदेश वन निर्देशनालयका वन अधिकृत सुरेश शर्माका अनुसार, 'रामायण बाटिका केवल हरियाली विकासको परियोजना नभइ यो हाम्रो संस्कृति, धार्मिक विश्वास र मिथिलाको मौलिकता झल्काउने प्रयास हो ।'

उनका अनुसार बाटिकाले धनुषाधामको ऐतिहासिक र धार्मिक महत्त्व उजागर गर्नुका साथै आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्नेछ ।

यसबाट स्थानीय स्तरमा रोजगारीको सम्भावना समेत सृजना हुनेछ । स्थान छनौटको प्रारम्भिक चरणमा धनुषाधाम सब डिभिजनका शंकर नारायण झा, प्रदेश वन निर्देशनालयका सुजित कुमार झा र मनोज ठाकुरका साथै मिथिला वाइल्ड लाइफ ट्रस्टका देव नारायण मण्डल सहभागी थिए ।

उनीहरूले संयुक्त रूपमा धनुषाधाम क्षेत्रको सम्भावित भू–भागको अवलोकन गरेर भविष्यका लागि रणनीतिक कार्ययोजना तय गर्ने बताए । मिथिला वाइल्ड लाइफ ट्रस्टका मण्डलले भने, 'धेरैजसो ठाउँमा विकास र संरक्षणबीच द्वन्द्व हुन्छ । तर, रामायण बाटिका परियोजनाले दुवै पक्षलाई सन्तुलनमा राख्दै अघि बढ्न सक्छ ।'

उनका अनुसार यो बाटिकाले मिथिलाको जैविक विविधता संरक्षणमा टेवा पुर्याउने मात्र नभइ यसले सांस्कृतिक पर्यटनको स्थायी आधार निर्माण गर्नेछ । रामायण बाटिकाबाट पर्यटन व्यवसायको विकास, गाइडिङ सेवा, हस्तकलामा आधारित रोजगार र हरियालीसँग सम्बन्धित परियोजनामा स्थानीय संलग्नता बढ्ने विश्वास व्यक्त गरिएको छ ।

# 'राजसंस्थाको रेल छुटिसकेको छ कहिल्यै फर्किंदैन'

**बाँके ।**
नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले राजसंस्था फर्काउने भन्दा पनि श्रीपेज चुनाव चिह्न लिएर मैदानमा आउन पूर्वराजा ज्ञानेन्द्र शाहलाई चुनौती दिएका छन् । नेपाली कांग्रेस बाँकेद्वारा शनिबार आयोजित तेस्रो जिल्ला सम्मेलनमा उनले काठमाडौँको तीनकुने वा देशका विभिन्न शहरमा प्रदर्शन गर्दैमा राजसंस्था नफर्किने बताए ।

पूर्वराजा आफू चुनाव नउठी चुनाव चिह्न श्रीपेजमा अरूलाई उठाएर दुई तिहाइ सांसद जितेर राजसंस्था फर्काउन चुनौती दिँदै भने, 'राजसंस्थाको रेल छुटिसकेको छ, अब कहिल्यै फर्किंदैन ।' महामन्त्री शर्माले देशभरका शिक्षकले सडकमा प्रदर्शन गरिरहेको बेलामा प्रधानमन्त्रीले बोलाएर समस्या टुङ्ग्याउनु पर्नेमा जोड दिए । उनले कुनै पनि प्रधानमन्त्रीलाई पाँच वर्ष काम गर्न दिने व्यवस्था गर्नुपर्ने बताए । महामन्त्री शर्माले कांग्रेस कार्यकर्तालाई कुनै व्यक्ति, गुट, उपगुटको पछि नलागेर सङ्गठनको पछि लागेमा पार्टी बलियो हुने भन्दै पार्टीले देश र जनताको विकासका पक्षमा काम गरिरहेको उल्लेख गरे । गाउँ, टोलस्तरमा पार्टीले गरेको सकारात्मक कामको प्रचार गरी विश्वासिलो बनाउन कार्यकर्तालाई उनले आग्रह गरे । सम्मेलनमा पार्टीका सहमहामन्त्री किशोरसिंह राठौरले नेताहरू इमान्दार र अनुशासित भएमा जनमत आफैँ बढ्ने भन्दै वडास्तरदेखि केन्द्रसम्म रहेका कार्यकर्ताले सङ्गठनको विकासमा लाग्नुपर्नेमा जोड दिए ।

# 'सीमान्त सम्झना' को लोकार्पण



**मधेशदृष्टि**
**वीरगंज ।**
लेखक एवम् व्यवसायी गणेशप्रसाद लाठद्वारा लिखित संस्मरणात्मक पुस्तक 'सीमान्त सम्झना' सार्वजनिक भएको छ । नेपालय प्रकाशनले शनिबार काठमाडौँमा पुस्तक लोकार्पण गरेको हो ।

वीरगंजमा जन्मिएर हुर्किएका लेखक लाठले गृहनगरका विषयमा देखेका र भोगेका अनुभवलाई पछिल्लो पुस्तामाझ पुऱ्याउने उद्देश्यले पुस्तक लेखेको बताए । उनले 'सीमान्त सम्झना' लाई एक जिज्ञासु बालक र किशोरले देखेको आफ्नो समाजको रूपान्तरणको संस्मरणको रूपमा व्याख्या गरे ।

समाजका विसङ्गतिलाई साहित्यमार्फत उजागर गर्न रुचाउने लाठले यसअघि छमियाँ, अघटित र क्षमादान जस्ता कृति प्रकाशन गरिसकेका छन् । 'सीमान्त सम्झना' उनको पाँचौँ कृति हो, जसलाई तयार पार्न उनले तीन वर्षको समय लगाए । पुस्तकमा वीरगंजका पुराना जानकार व्यक्तिहरूसँगको कुराकानीलाई पनि समावेश गरिएको छ ।

लेखक यादव देवकोटाले वीरगंजबारे लेखिएको पुस्तक अनुसन्धानमूलक रहेको बताए । उनले व्यवसायी भएर पनि लाठले यस्तो गहन कृति प्रकाशन गर्नु सकारात्मक भएको उल्लेख गरे ।

पुस्तकबारे प्रकाशकले भनेको छ, 'विज्ञान र प्रविधिका आविष्कारले पैदा गर्ने कौतुहलता अनि तिनले निर्माण गर्ने नयाँ अध्यायहरूको सुन्दर कोलाज यहाँ छ । रमाइलै रमाइलोमा गम्भीर कुरा पस्किने यस पुस्तकले वीरगंजको माटोमा आधुनिकताको बाटोको इतिहास भन्छ । यस्तो लोक इतिहास जो लेखिएन; यति मीठो मसिनोसँग त झनै लेखिएन । हर परिवेशको इतिहास नआई देशको इतिहास पनि त पूरा हुँदैन नि, हैन र !' 'सीमान्त सम्झना'ले वीरगंजको सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तनलाई लेखकको व्यक्तिगत अनुभवमार्फत जीवन्त रूपमा प्रस्तुत गरेको छ ।

# विदुत आपूर्ति नियमित गर्न संघको अपिल

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज उद्योग वाणिज्य सङ्घले नेपाल विद्युत प्राधिकरणद्वारा वीरगंज–पथलैया औद्योगिक करिडोरका उद्योग प्रतिष्ठानमा अघोषित लोडसेडिङ र बिनासूचना विद्युत कटौती भइरहेकामा गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । सङ्घद्वारा शनिबार जारी प्रेस विज्ञप्तिमा उद्योगको अक्सिजनसरह महत्त्वपूर्ण विद्युत आपूर्ति अवरुद्ध हुँदा करिडोरका उद्योगहरू निर्धारित क्षमताभन्दा निकै कम उत्पादनमा सीमित रहनु परेको उल्लेख गरिएको छ । विद्युत आपूर्तिको अव्यवस्थाले उद्योगका उपकरण र कच्चा पदार्थ नोक्सानीमा पर्ने, उत्पादन प्रक्रियामा असर पर्ने र उद्योगीलाई आर्थिक मर्का पर्ने अवस्था सिर्जना भएको विज्ञप्तिमा उल्लेख छ । विद्युत महसुलबापत उद्योगहरूले समयमै भुक्तानी गर्दै आए पनि प्राधिकरणले सोहीअनुरूप गुणस्तरीय आपूर्ति गर्नुपर्ने माग पनि विज्ञप्तिमार्फत गरिएको छ । सङ्घले समस्याको शीघ्र समाधान र वैकल्पिक व्यवस्था सुनिश्चित गर्न नेपाल विद्युत प्राधिकरणसँग माग गरेको छ ।

**जनहितका लागि जारी सन्देश**
**समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।**

गर्मी मौसम सुरु भएसँगै आगलागीका घटना बढ्न सकछन् । हाम्रो आफ्नै लापरवाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन् । त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

**आगलागी रोकथामका उपाय**

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि भान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय-समयमा जाँच गर्नुहोस्, कुनै खराबी वा टुटफुट पाउनु भएमा, तुरन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्याँस सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।
- घरमा भएका विद्युत उपकरण सही अवस्थामा छ/छैन नियमित जाँच गर्नुहोस्, नाङ्गो तार, टुटेफुटेका स्विच, एक्सटेन्सन कर्डलाई मर्मत् तथा परिवर्तन गर्नुहोस् ।
- एक्सटेन्सन कर्डमा धेरै विद्युत खपन गर्ने (आइरन, हिटर, फ्रिज, माइक्रोवेभ ओभन, मोटर) तथा अन्य धेरै उपकरण जोडेर एकैचोटी प्रयोग गर्नुहोस् ।
- २ पिन स्विचको बदलामा सिंधै नाङ्गो तार सकेटमा पसाएर विद्युतीय सामग्री प्रयोग कहिल्यै नगर्नुहोस् ।
- प्रयोग नभएको अवस्थामा विद्युतीय सामग्रीहरु सकेटबाट निकालेर अलग राख्नुहोस् ।
- राति सुत्ने बेलामा वा घर छाडेर बाहिर जानुपर्दा सम्पूर्ण विद्युतीय उपकरणहरु बन्द गरेरमात्र जानुहोस् । (यसले तपाईलाई आगलागीबाट सुरक्षामात्र होइन बिजुलीको खपतमा कमी ल्याउन पनि सहयोग पुऱ्याउँछ ।
- हावा चलेको अवस्थामा खुला स्थानमा आगो नबाल्नुहोस्, बारी, बाटोमा बालिएको आगो पूर्णरुपमा निभेको निक्यौल गर्नुहोस् ।
- घरमा पेट्रोल, डिजेल, मट्टीतेलको भण्डारण नगर्नुहोस् । ( यस्ता सामग्रीमा केटाकेटीको पहुँच रोक्नुहोस् ।
- वन क्षेत्रमा डँढेलो लगाउने तथा चुरोट खाएर जथाभावी नफ्याक्नुहोस् ।




**आगलागी भइहालेमा के गर्ने ?**

- कुनै आगलागीको घटना भएमा, तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रण सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगोको आकारमा विचार पुऱ्याउनुहोस्, आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुण यन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहयाताले निभाउन प्रयास गर्नुहोस ।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरिदिनुहोस् । (यसले आगोलाई सहजरुपमा फैलन दिँदैन ।
- आगलागी भएको स्थानमा अग्नि नियन्त्रक बाहेक अरुलाई प्रवेश गर्न दिनुहोस् ।
- आफ्नो ज्यान जोखिममा राखेर आगलागी भएको स्थानबाट सामान निकाल्ने प्रयास नगर्नुहोस् ।
- आगलागीबाट केही सामग्री जोगाउन सकिन्छ भने त्यसलाई निकालेर सुरक्षित स्थानमा राख्नुहोस् ।

व्यक्तिगत घर तथा कार्यालयहरुमा पनि सुरक्षाको लागि बजारमा सहज र सुपथ मूल्यमा उपलब्ध हुने फायर एक्स्टिनगुसर, फायर ब्ल्याङ्केट राख्न सकिन्छ जसले आगलागीको शुरुवाती समयमा नै आगलागीलाई नियन्त्रण गरी जन-धनको थप क्षति हुनबाट रोक्न सकिन्छ।

**वीरगंज महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**वीरगंज, पर्सा, मधेश प्रदेश**

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन